
बौद्ध मासिक

# धर्म चक्षु




# DHARMA CHAKSHU

मूल्य रु. १५/

**विश्व आदिवासी दिवस आदिवासी जनजातिहरूको महत्वपूर्ण दिवस हो**
यस महत्वपूर्ण दिवसको उपलक्ष्यमा आदिवासी जनजातिहरूको एकता र
*उन्नतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।*

**——कुम बहादुर तामाङ——**

अध्यक्ष, तामाङ घेदुङ संघ, कास्की

---

**आदिवासी जनजातिहरूको महत्वपूर्ण दिवस**

**९ अगष्ट विश्व आदिवासी दिवस हो ।**

यो दिवसको उपलक्ष्यमा आदिवासी जनजातिहरूको
उत्थान र विकासको लागि हार्दिक शुभकामना ।

——सोम वज्राचार्य——

**श्रृङ्खला आभूषण,** विन्ध्येश्वरी चौक, मोहरि[illegible]टोल, पोखरा

---

**९ अगष्ट विश्व आदिवासी दिवस हो ।**

विश्व आदिवासी दिवस - २०६२ को उपलक्ष्यमा पोखरामा आयोजित
सम्पूर्ण कार्यक्रमहरु सफलतापूर्वक सम्पन्न होस् यही मेरो शुभकामना ।

**——भक्त बहादुर गुरुङ——**

रत्नचौक, पोखरा-८

---

११औं विश्व आदिवासी दिवसको उपलक्ष्यमा
"आदिवासी जनताको चाहना शान्ति बहाली र प्रजातन्त्रको पुनर्स्थापना" नाराका साथ पोखरामा आयोजित सम्पूर्ण कार्यक्रमहरू सफलतापूर्वक सम्पन्न होस् यही कामना छ ।

**उत्तम मान बुद्धाचार्य**

ऐलिगेन्स ट्रेड, चिप्लेढुङ्गा पोखरा

Wondershare PDFelement

# धर्म चक्षु

THE DHARMA CHAKSHU

A Buddhist Monthly Pokhara, Nepal

वर्ष - ८, अंक ४, पूर्णांक - ४१

श्रावण-भाद्र - २०६२

ने.सं. ११२५ / August : 2005

धर्मशिला बुद्ध विहार,

धर्मशीला मार्ग, नदीपुर पोखरा

**प्रकाशक/प्रधान सम्पादक**

भिक्षु श्रद्धानन्द,

०६१-५२०५१७

**प्रकाशक**

ज्ञानमाला संघ

धर्मशीला बुद्ध विहार, पोखरा

**व्यवस्थापक**

अनागारिका कर्मशिला

(संस्थापिका, धर्मशिला विद्वत वृत्ति)

**सह व्यवस्थापक**

युवा वौद्ध संघ

*(विकाशरत्न शाक्य, चेतन तिं ताड्बे, बलराम लामा)*

**काठमाडौ प्रतिनिधि**

सविता धाख्वा

**सहयोगीहरु**

याम कुमारी गुरुङ, बलबहादुर अधिकारी, सनकमान सी.के.

**सम्पर्क कार्यालय**

सम्पादक : तिलकमान गुभाजू

१४४ - नयाँ बजार, पोखरा - ८

०६१:- ५२०२४६

**मुद्रण**

सुवाणी अफसेट प्रेस, नयाँ बजार

पोखरा, फोन : ५२३२८२




## नेपालको पहिलो र पुरानो धर्म-बुद्ध धर्म

धेरैले प्रश्न सोध्ने गर्दछन् कि नेपालमा हिन्दू धर्म र बुद्ध धर्म मध्ये कुन धर्म पहिले प्रवेश भएको हो। यो ईतिहासको विषय मात्र नभैकन धर्मको विषय भएकोले यो समवेदनशील पनि छ। निस्पक्षरुपले यस्तो प्रश्नको उत्तर दुइ किसिमले दिन सकिन्छ। एउटा पौराणिक र अर्को ऐतिहासिक। एतिहासिक कुरामा इतिहाससिद्ध प्रमाण हुन्छ भने पौराणिक प्रमाण किंवदन्ती आदिमा आधारित हुन्छ। आजभोलि ईतिहासका कुरालाई धेरै महत्व दिने गरिएको छ। इतिहास सत्य र तथ्यमा आधारित हुन्छ।

इतिहासकारहरुले नेपालको ऐतिहासिक काल किराँतकाल देखि प्रारम्भ भएको मान्दछन्। किराँतीहरुका प्रथम राजा यलम्बर हुन्। उनी अनार्य हुन्। उनी मंगोलियन जातिका हुन्। आदिवासी जनजातिहरु सम्पूर्ण प्राय मंगोलियन कदका छन्। उनीहरुले वोल्ने भाषा भोट-वर्मेली भाषा अन्तर्गतका छन्। उनीहरुको संस्कार संस्कृति आफ्नै किसिमका छन् र रहन सहन वेग्लै छ। इतिहासलाई साक्षी राखेर भन्ने हो भने त्यस वेलाको नेपाल अनार्यको देश हो। आर्यनहरु यहाँ पछिमात्र प्रवेश गरेका हुन्। आर्यहरु नै नआएको र नभएको ठाउँमा हिन्दू धर्म कसरी आउन सक्छ। त्यसलाई कसले भित्र्याउने ?

ऐतिहासिक दृष्टिले बुद्ध धर्मलाई हेर्दा हामी के पाउँछौ भने नेपालको किराँतकालमा भगवान् बुद्धको प्रादुर्भाव भएको हो। इतिहासको समायोजनगर्दा शाक्यमुनि बुद्धका समकालीन राजा सातौ किराँती राजा जितेदास्तीलाई पाउँछौं। राजा जितेदास्ती कै पालामा भिक्षु आनन्द उनका नातेदारहरुलाई भेट्न नेपाल खाल्डोमा आएका र त्यसै वेला यहाँ बुद्ध धर्मको प्रचार भएको वौद्ध वाङ्मयमा लेखिएको छ। त्यसवेलाका शाक्य राज्यहरु कपिलवस्तु र देव दहको उत्तरतिर मंगोलियनहरुको राज्य थिए। उनीहरुले पनि त्यसै वेला नयाँ धर्मको रसास्वादन गरेका थिए। प्रष्ट, सरल र व्यावहारिक धर्म पाएर उनीहरुले आफ्नो जीवन सार्थक भएका संझेका थिए।

पौराणिक दृष्टिले पानी पानीले भरिएको काठमाण्डौ उपत्यकालाई महामञ्जुश्री आएर बस्न योग्य वनाएको, उनले स्वयम्भू देखि गुहेश्वरी सम्म नगर वसालेको र त्यो नगरराज्य सञ्चालन गर्न आफ्ना अनुयायी धर्माकरलाई राजा बनाई जिम्मा दिएका थिए। राजाले मञ्जुश्रीले स्थापना गरेको राज्यको नाम मञ्जुपतन राखे। उनले वौद्ध भिक्षुहरुका लागि बुद्ध विहार निर्माण गरे र मञ्जुपतन वासीहरुले आफ्ना संस्थापक मञ्जुश्रीको नामबाट स्वयम्भू डाँडामा मञ्जुश्री चैत्य निर्माण गरे। उक्त चैत्यमा आजभोलि पनि पूजाआजा गर्ने गरिन्छ। मञ्जुश्रीले वस्ती बसाले पछि पहिलो पटक यहाँ जुन धर्मको स्थापना भयो त्यो बुद्ध धर्म हो। यसरी हेर्दा पनि नेपालको निर्माण सँगै बुद्ध धर्मको इतिहास जोडेको पाइन्छ। यसबाट प्रष्ट हुन्छ कि नेपालको पहिलो र पुरानो धर्म बुद्ध धर्म हो।

# बुद्धको संस्कृतिमा आलोचना र आत्मालोचना

✍ भिक्षु अश्वघोष महास्थविर

मनिन्द्र - "विद्याहिनं पशु" । अतः शिक्षा जीवनको यौटा अभिन्न अंग हो, जसविना मानिस शिक्षित, सभ्य र सुसस्कृत हुन सक्दैन । शिक्षा कुनै पनि राष्ट्रको मेरुदण्ड हो । कुनै पनि देशमा सुधार, विकास र शान्तिको स्थापना गर्न सर्वप्रथम त्यहाँ शिक्षित र सभ्य नागरिकको निर्माण हुनु अत्यावश्यक छ । परदोष मात्रै देख्नु, अर्काको निन्दा, चर्चा मात्रै गर्नु शिक्षित वर्गको लक्षण होइन । त्यसै गरी आफ्नो दोष-गल्ती नदेख्नु धेरै खराब प्रवृत्ति हो । हुनत समाजमा मानिसहरु आफ्नो टाउकोमा गोरु चढेको देख्न सक्दैनन् तर अर्काको टाउकोमा जुम्रा हिंडेको समेत देख्न सामर्थ्यवान हुन्छन् । शिक्षितपनाको अभावले गर्दा नै अर्काको दोष मात्र खोजी आलोचना र भए-नभएको लाञ्छना गरी हिंड्ने गर्दछन् । त्यसैले बुद्ध भन्नुहुन्छ - अर्काले के गऱ्यो, के गरेन त्यसमा ध्यान नदिई आफूले के गर्दैछु, पहिले के गरें भन्नेतर्फ ध्यान केन्द्रित गर्न सकेमा कलह शान्त हुन्छ ।

यहाँ जसले जे भने पनि, जे-जस्तो गरे पनि वास्तै नगरी नतमस्तक रहनु भनेको होइन । आफ्ना छोरा-छोरीहरुद्वारा हुने गल्तीहरुलाई आमाबाबुले सुधारार्थ अर्ति र उपदेश दिनु, गल्ती पुनः नदोहोरियोस् भनी दण्ड दिनु न्यायोचित मात्र नभएर गरिनु पर्ने कर्तव्य पनि हो । त्यस्तै विद्यार्थी वर्गलाई अनुशासित तुल्याउन सक्नु तमाम शिक्षक वर्गको जिम्मेवारी हो । यसरी नै नातावादको बहाना नगरी नै आफ्नै हितैषी मित्रले गर्ने गल्तीहरुलाई पनि औंल्याउने गर्नुपर्छ ता कि साथी सप्रिन सकोस् । यसो गर्नु कुनै पनि मित्रको लागि हितचिन्तक सावित हुन्छ । तर भए-नभएको दोषरोपण गरी व्यक्तिगत चरित्रमा समेत आँच आउने तवरले आलोचना गर्नु उचित हैन । कसैको चरित्र हत्या गर्ने नियत राखी सच्चा आलोचकले आलोचना नै गर्दैन । अर्काको जीवनमा खेलवाड गर्ने आँच आउने आलोचना गर्नु शिक्षितपना होइन, न कि यो कुनै सुधारहरु शिक्षा नै हुन सक्छ । विचारणीय कुरा त कुनै पनि आलोचना रचनात्मक हुनु जरुरी छ, न कि विध्वंसात्मक ।

अन्य धर्म-शास्त्रहरुमा र बुद्धको शिक्षामा यौटा ठूलो अन्तर देखिने कुरा हो - आत्मालोचना । जो कसैले आफ्नो आलोचना गर्ने बित्तिकै आफ्नो केही गल्ती खरावी छ कि भनी सोच विचार गरेपछि त्यो कमजोरीलाई भूल स्वीकार गर्नु नै आत्मालोचना हो । हामीले आफ्नो भूल गल्तीलाई मुक्त कण्ठदेखि स्वीकार गर्न सकेमा शान्ति स्थापना हुन्छ, कलह, आपसी मनमुटाव सेलाउने हुन्छ । कसैले आफ्नो गल्ती स्वीकार गरी क्षमायाचना गर्न पनि एक किसिमको औषधि जस्तै आदर्श शिक्षा हो । जो घमण्डी अहंकारी हुन्छ, जसमा आडम्बररुपी विषले हलाहल भरिएको हुन्छ, त्यसले कहिल्यै, कतै पनि आफ्नो गल्ती स्वीकार गर्न तैयार हुँदैन । त्यसका लागि स्पष्ट पार्न बुद्धकालीन घटना प्रस्तुत गर्न धेरै प्रासंगिक देखिन्छ ।

बुद्धका प्रमुख शिष्यहरुमध्ये महाकाश्यप एक भिक्षु हो । वहाँका साथमा दुई जना शिष्य रहन्थे । जसमध्ये एक जनाले गर्नुपर्ने काम मनैदेखि ठीक ठीक समयमा कसैले नभन्दै गर्ने कर्तव्य-निष्ठावान थिए अर्को चाहिं अल्छी, आफूले कुनै काम नगरिकनै अरुले गरेको कामको जस लिन सिपालु र चाप्लुसी प्रवृत्तिका थिए । त्यो ज्ञानी शिष्य भिक्षुले आफ्नो साथीलाई सुधार गर्न बारम्बार कुवानी हटाउन र क्रियाशील हुन आग्रह गर्दैरहे । तर उसले कानमा तेल हालेर बस्यो । सुध्रिनेतर्फ ध्यान नै दिएन । यसरी एकदिन ज्ञानी शिष्यले आफ्नो गुरु महाकाश्यप समक्ष साथीको दुर्गुण उदाङ्गो पारिदिए ।

अल्छी, अर्काले गरेको कार्यलाई पनि मैले गरेको भन्ने शिष्यलाई महाकाश्यप महास्थविरले आफूकहाँ बोलाउनु भई भन्नुभयो - "तिम्रो मनोवृत्ति र कार्य गेरुवावस्त्रलाई अलिकति पनि सुहाउँदैन । आफू अल्छी भएर पनि अरुले गरेको कामलाई मैले गरेको हुँ भनी

भन्ने बानी राम्रो होइन।" आखिर लुच्चा खराब प्रवृत्तिको शिष्य न हो, गुरुको आदर्शपूर्ण नैतिक अनुशासनलाई सत्य हो भनी आत्मालोचना गर्दै गरेन, मै ठीक छु भनी बसिरह्यो। परिणामत: अमृतलाई पनि विषको रुपमा देख्ने त्यो शिष्यले अन्त्यमा कुटी नै जलाएर त्यहाँबाट भागेको भागेकै गरे।

कुनै पनि बेला गुरु तथा हितैषीहरुले अर्ति उपदेश दिंदा आफ्नो भूल स्वीकार नगर्नाले, आत्मालोचना नगर्नाले अशान्ति पैदा हुन्छ, अप्रिय, घटना घट्न जान्छ। भूललाई स्वीकारी क्षमायाचना गर्न सकेमा अप्रिय घटना घट्नै पाउँदैन भन्ने कुरा उपर्युक्त बुद्धकालीन घटनाले स्पष्ट हुन्छ।

गौतम बुद्धले कुनै बेला एक ठाउँमा भन्नुभएको थियो- "विरोधी, आलोचकहरु नै नभएको भए शायद म बुद्ध नै हुँदैनथें होला।" विरोध र आलोचनाको अभावमा मानिस स्वेच्छाचारी बन्न पुग्छ। मनोमानी गर्ने प्रवृत्ति बृद्धि हुन्छ। कुनै पनि काम कुराको विरोध वा आलोचना हुनु अति आवश्यक छ। आलोचना विध्वंसात्मक नभई रचनात्मक हुनु पनि जरुरी नै छ। यो प्रजातन्त्रको लक्षण हो। बुद्ध भन्नुहुन्छ - "विरोधीहरु हुनाले सदा झैं सतर्कताका साथ बस्न बाध्य भएँ, अनि मन बलियो हुँदै आयो र मनको वशमा पछि पछि लागें। मनलाई आफ्नो काबुमा राख्ने सामर्थ्य प्राप्त हुँदा नै मनको क्लेश क्षय गर्न सकें। ज्ञान लाभ भयो अनि बोध भएँ र संसारको यथार्थतत्व अवबोध गरी बुद्ध भएँ।"

प्रत्युत्तर दिनुहुँदै भगवान बुद्धका प्रमुख शिष्य अग्रमहाश्रावक सारिपुत्र महास्थविरले भन्नुभयो - "जतिबेला तपाईले बुद्धगयामा पिपलको रुखमुनि ध्यान बसी बुद्धत्व लाभ गर्नुभयो, त्यसैबेला देखि नै तपाईको मन, वचन र शरीर शंख जस्तै सफा देखिन्छ, शुद्ध र अति पवित्र छ। अत: हे सुगत। तपाईका चरित्रबाट किञ्चित मात्रामा पनि शंकाभाव छैन। आलोचनाबाट तपाई शून्य रहनुभएको छ।" यस्तो भनिए तापनि बुद्ध पनि निन्दाबाट बच्न सक्नुभएन। अनि उहाँले भन्नुभयो- "नत्थिलोके अनिन्दितो" अर्थात् यो संसारमा निन्दाबाट मुक्त हुनसक्ने कोही छैन। बुद्ध जस्ता महापुरुषले पनि आफ्नो केही गल्ती भएको छ कि भनी प्रश्न गर्नु - यो सानोतिनो शिक्षा होइन। आजको विश्वमा राष्ट्र-राष्ट्रबीच भइराखेको युद्ध, अशान्ति - मूलत: आत्मालोचनाको कमीले नै हो। अर्थात् आफ्नो दोष चाहिं ढाकछोप गर्नु तर अर्काको सानोतिनो गल्तीलाई पनि बारम्बार कोट्याई त्यसैलाई मुद्दा चलाउनु कहाँसम्म न्यायोचित छ।

गौतम बुद्धले भिक्षुहरुलाई १५ दिनको एकपटक (पूर्णिमा र औंसीमा) सबै उपोसथ गृहमा भेला गराई एक आपसमा आत्मालोचना गर्नुपर्छ भनी नियम-कानुन बनाउनु भएको थियो। नियम भनेकै विनय हो। विनयको भाषामा आत्मालोचना भनेको आपत्ति देशना गर्नुलाई भनिन्छ। तर अपशोचको कुरा बिडम्बना त्यो विनय-नियम आज पुस्तकमै कालाक्षरको रुपमा सिद्धान्तमै सीमित भएर थोपारिएर रहेका छन्। व्यवहारमा विलाइसक्यो। त्यसकारण निष्कर्षत: शान्तिप्रेमीहरु अर्काको आलोचना गर्नुभन्दा पहिले आफूमा पनि दुर्गुण, गल्ती र दोष छ कि छैन एक चोटी गहिरो मन दिई चिन्तन मनन गरी आत्मालोचना गर्नु धेरै राम्रो कुरा हो। यसो गर्दा तत्काल प्रभावकारी परिणत हुनु धेरै हदसम्म सफल हुने पनि देखिन्छ। तसर्थ स्वत: आत्मालोचनाले सबैको भलो नै हुन्छ, चारैतिर शान्तिको उल्लासपूर्ण वातावरण नै श्रृजना हुन्छ।

□□□

धर्मको विषयमा तुलनात्मक अध्ययन गर्ने एक जना विद्यार्थीको हैसियतले मैले बुद्ध धर्म नै आज सम्म संसारमा प्रादुर्भाव भएका धर्महरुमध्ये सबभन्दा परिपूर्ण भएको धर्म हो भन्ने ठानेको छु।

□ प्रो. कार्ल गुष्टेभ

# अत्ता हि अत्तनो नाथो

✍ भुवनलाल प्रधान

बौद्ध धर्मका कतिपय विशेषताहरुमध्ये एउटा प्रमुख चाहिं मानिसलाई महत्व दिनु हो। मानिसप्रति राखिने धारसणाको सम्बन्धमा ईश्वरको अस्तित्व मान्ने धर्महरुको र बौद्ध धर्मको दृष्टिकोणमा उल्लेखनीय अन्तर देखा पर्छ। ईश्वरवादी धर्महरुले ईश्वरलाई सर्वोपरि स्थान दिन्छन्, अरु प्राणी वा वस्तुहरुको कुरै नगरौं, मानिससम्मलाई कति पनि महत्व दिँदैनन्। सम्पूर्ण ब्रम्हाण्ड र त्यसभित्रको क्रियाशील शक्तिका स्रोत एक मात्र ईश्वरलाई मान्दछन्। त्यस ईश्वरलाई ती धर्महरुले नित्य, अक्षर, शाश्वत, असीमित, सर्वशक्तिमान त्यही ईश्वरको इच्छाबाट यो पृथ्वी, प्रकृति, सम्पूर्ण ब्रम्हाण्डको सिर्जना र सञ्चालन भइरहन्छन् - ईश्वरवादीहरुले यस्तो ईश्वरको अस्तित्वको कल्पना गर्दछन्, त्यस्तो ईश्वरको तुलनामा मानिस तुच्छ, नगण्य, शक्ति-हीन, महत्वहीन सम्भिइन्छ।

तर विज्ञानले त्यस्तो ईश्वरको अस्तित्वलाई सकार्दैन।

तैपनि ईश्वरवादी धर्महरुले ईश्वर सम्बन्धी विचारधारा मानिसहरुको दिमागमा यस्तो गहिरोसंग भरिदिन्छ कि तिनबाट ज्ञान पाउन मजबूत दिलका मानिसहरुलाई पनि धौधौ पर्दछ। यस सम्बन्धमा एउटा उदाहरण यहाँ प्रस्तुत गरिहालौं। आफ्नै बुद्धि र बर्कतले वादशाहसम्म बन्न सफल भएका, मानव पराक्रमवादका जोडदार समर्थक, 'असम्भव भन्ने शब्द मूर्खहरुको कोषमा मात्र लेखिएको हुन्छ' भन्ने नेपोलियन वोनापार्ट (ई. १७७९- ई. १८१५) को दिमागसम्मलाई धार्मिक विश्वासले अटल रुपमा प्रभाव पारेको थियो। फ्रान्सका तत्कालीन सु-प्रसिद्ध खगोल शास्त्री पेअर ला प्लेसले एक. वखत नेपोलियनलाई आफूले लेखेको "ब्रम्हाण्डीय यन्त्र" (Mecanique Celeste) शीर्षक पुस्तक हेर्न दिएका थिए। त्यो किताब आद्योपान्त हेरिसकेपछि नेपोलियनले ला प्लेसलाई भने, "महाशय, मैले त तपाईंको कितावमा कतै पनि (ब्रम्हाण्डका स्रस्टा) ईश्वर को उल्लेख भएको पाइनं।"

"शाहनशाह", ती वैज्ञानिकले नम्रतापूर्वक जवाफ दिए, "विश्वको तस्वीर निर्माण गर्न मलाई यस्तो कुनै प्रस्थापनामा (अर्थात् यसको रचयिता ईश्वर भनेर अनुमान गर्नु) आवश्यक छैन।"

हुन पनि वैज्ञानिक गवेषणाको निमित्त ब्रम्हाण्डको उत्पत्ति कसरी भयो, कहिले भयो, कसले गऱ्यो भन्ने प्रश्न गर्नु वा स्रष्टाको कल्पना गर्नु आवश्यक छैन। न त त्यस्तो कल्पना गर्दैमा त्यस सम्वन्धी समस्याको समाधान निस्कन्छ। तर कुरा के थियो भने त्यसताका धर्म ग्रन्थमा लेखिएका कुराहरु अकाट्य र अटल मानिन्थे। आफ्नै करामतमा राख्ने नेपोलियनसम्मलाई धार्मिक विश्वासले, धर्म ग्रन्थले प्रभाव पारेको थियो।

ई. १८१९ मा डार्विनले 'द औरिजिन अभ् स्पिसिज' र ई. १८७१ मा 'द डिसेन्ट अभ् मायन्' शीर्षक पुस्तकहरुको प्रचार नभएसम्म युरोपवासी र अन्यत्रका ईसाईहरुको धारणा त्यस्तै धार्मिक विश्वास वा धर्म ग्रन्थहरुमा आधारित थियो - जस अनुसार ब्रम्हाण्ड, पृथ्वी, प्रकृति, मानिस सबै ईश्वरको सृजना हुन्, खेलौना हुन्, कठपुतली हुन्, ईश्वर नै मानिसको भाग्य विधाता हो इत्यादि।

जीव विकास सम्वन्धी उपरोक्त कितावहरुको प्रचार पछि मात्र मानिसको उत्पत्तिबारे मानिसहरुको धारणा बदलियो। उनीहरुले स्वतन्त्र रुपले विचार गर्न थाले, मानवत्वको महत्व यथार्थ रुपमा बुझ्न लागे। विश्वमा अविछिन्न रुपले चालू भइरहने राम्रा र नराम्रा प्रक्रियाहरुको तथाकथित ईश्वरसित कुनै सरोकार छैन। यिनीहरु खगोलमा विद्यमान पदार्थहरुमा स्वचालित एवं स्वाभाविक क्रिया र प्रक्रियाहरु मात्र हुन्। यिनीहरु आफूदेखि भित्र वा परको ठानिने कुनै तथाकथित ईश्वर अन्तरगत छैनन्। यसर्थ पृथ्वीमा विकसित हुँदै आएका प्राणीहरुमा मानिस नै सर्वोच्च र सर्वश्रेष्ठ प्राणी हो भन्ने तथ्य वैज्ञानिक रुपले सिद्ध भयो। यसरी जुन कुरो उनाइसौं शताब्दीमा आएर मात्र वैज्ञानिक तवरले प्रमाणित भयो त्यो कुरा बुद्धले

चौबीस पचीस सय वर्ष अगाडि नै आफ्ना समकालीन मानिसहरुलाई बताएका थिए -

**"अत्ता हि अत्तनो नाथो, को हि नाथो परोसिया ।"**

आफ्नो मालिक आफै हो, आफूदेखि पर, आफूदेखि भिन्न आफ्नो मालिक को हुन्छ ?

हुन पनि मानिस आफै मालिक हो, यसको मालिक अरु कोही हुन सक्तैनन् । यसरी मानिसलाई महत्व दिई गरिएको बुद्धको उद्घोषण अनुपम देखिन्छ । अरु धर्महरुमा मानिसलाई यत्तिको महत्व दिइएको पाइन्न ।

हुन त कतिपय ईश्वरवादी धर्मग्रन्थहरुमा 'मानिसको हत्या नगर, छिमेकीसंग भएको वस्तुको लोभ नगर, टुहुराहरुको सम्पत्ति खोसेर नलेऊ' आदि आदेश उपदेश लेखिएका छन् । तर व्यवहारमा भने यस्ता धर्मशास्त्रीय वाक्यहरु केवल हात्तीको देखाउने दाँत बनेका छन् । किनभने यो केही ईश्वरवादी धर्मावलम्बीहरुको इतिहासका विभिन्न अवधिमा धेरै धेरै संख्यामा मानिसहरुलाई मारीमारीकन राज्य, साम्राज्यहरुको जोहो गरेका थिए । यस्तै ईश्वरका एक थरी अनुयायीहरुले विश्वभर फिँजिएर धर्म प्रचार वा जन सेवा गरेका थिए भने अर्को थरीले घाम कहिल्यै नअस्ताउने भूगोलव्यापी साम्राज्यसम्म पनि खडा गरे । तर त्यस्तो विशाल साम्राज्यको संस्थापनाले भएका भयङ्कर, निरंकुश नरसंहारको लेखाजोखा नै थिएन । फेरि यी ईश्वरभक्तहरु धर्मकै कारण आफू आफूमा मारकाट, कत्लेआम गर्न कति हिचकिचाएनन् । यिनीहरुले धर्मको नाउँमा आपस्तमा लडेका लडाईहरुलाई 'जेहाद' (धर्म युद्ध) भन्ने संज्ञा दिन्छन् । ई. १०९९ देखि ई. १२०४ सम्मको अवधिभित्र यस्ता धर्मयुद्धहरु चारवटासम्म पुगेका थिए । फेरि जातपात, छुवाछूतको भेदभाव निकालेर सामाजिक भाँडखालो तयार पार्ने धर्म पनि ईश्वरवादी नै देखिएको छ ।

फेरि, कतिपय धर्महरु ईश्वरको गुणगान गर्नमा एवं विश्वमा देखिने राम्रा, असल, रचनात्मक पक्ष जतिको श्रेय उसलाई दिनमा सन्तुष्टि लिन्छन् । तर खराब, नराम्रा, ध्वंसात्मक, हानिकारक पक्ष र प्रवृत्तिहरु जति भने पनि छन् । त्यसको जिम्मेवारी कसलाई दिने र यदि ईश्वर ब्रम्हाण्डका स्रष्टा र सञ्चालक भए ऊ राम्रा र नराम्रा दुवै पक्षका भागी हुनुपर्छ । तर केही धर्महरुले खराब र नराम्रा पक्ष र प्रवृत्ति जति शैतानलाई भिराउँछन् । अनि सुख जति ईश्वरप्रदत्त आशीर्वाद र दुःख जति शैतानको बदमासी मानिन्छन् । अथवा दुःख र खराबी जति पूर्वजन्मका पापका फल हुन् र यस जुनीमा भोग्नै पर्ने ठानिन्छ । तर दुःखका कारण पत्ता लगाउने र तिनको उन्मूलनका उपाय सोच्नेतिर मानिसलाई चिन्तनशील बनाउनेतिर ती धर्महरुको झुकाउ कमै देखिन्छ ।

इत्यादिको विपरीत बौद्ध दर्शन त्यस्ता अवैज्ञानिक कल्पनातिर नलागी एकदम व्यावहारिक सत्य, अपरिहार्य सत्य अँगाल्छ - संसारमा दुःख छ, मानव लगायत सम्पूर्ण प्राणीहरुको जीवन दुःखमय छ, शोषण, अत्याचार, आर्थिक, सामाजिक असमानता, समान अवसरको अभाव इत्यादि कतिपय कारणले मानव जीवन बढी दुःखमय छ; ती दुःखका कारण छन्, दुःखको निवारण छ ; निवारण गर्ने उपाय वा मार्ग पहिल्याउनु पर्छ । ईश्वर नमान्ने बौद्ध धर्मको पच्चीस सय वर्ष लामो इतिहासमा कहिल्यै जेहाद गर्नुपरेन, धर्मको नाउँमा बौद्ध धर्मले कहिल्यै मानव रगत बगाएन । यस धर्मका एक जना अनुयायी सम्राट अशोकको उदाहरण लिने हो भने उनले सदाको लागि हिंसा र युद्धको परित्याग गरे, आफ्नो राज्यभर प्राणी हिंसालाई निषेध गरे । त्यस बाहेक उनले वरपरका देशहरुमा मैत्री शिष्ट मण्डलहरु पठाई मैत्री अहिंसा, शान्तिका मानव कल्याणकारी सन्देशहरुको व्यापक प्रचार गरे जसको फलस्वरुप श्रीलङ्का, म्यानमार, थाइदेश, कम्पुचिया, लाओस, भिएतनाम आदि देशहरु बौद्ध बनेका छन् । कहाँ आक्रमण, लुटमार, संहार, जय पराजय, साम्राज्यवादी विस्तारको जगजगी कहाँ प्राणी मात्र प्रति अहिंसा, मानव मानवप्रति मैत्री भाव, देश-देश, जाति-जातिको बीचमा भाइचाराको सम्बन्ध, मानव जगतभर शान्तिपूर्ण सह-अस्तित्वको लागि आव्हान ।

आजको विश्व परिस्थितिमा यस्तो आव्हान झन् अनिवार्य भएको छ, मानिसको नाथत्व झन् महत्वपूर्ण भएको छ । आज मानिस नै यस पृथ्वीको मालिक हो, यसमा रहेका सम्पूर्ण सम्पदा - सतहभित्रको होस् वा

सतह बाहिरको - मानिसकै स्वामित्व अन्तर्गत छ। पृथ्वीको जल, थल, वायुमण्डलमा त मानिसको प्रभुत्व कायम भैसकेकै छ। वायुमण्डलपारि पनि उसको प्रभाव धमाधम फैलिदै छ। मानवरहित यन्त्रले चन्द्र चट्टानबाट ढुङ्गा खनेर ल्याउनु, मानिसले चन्द्र धरातलमा टेक्नु, अन्तरीक्षमा हिंड्नु, अन्वेषक यन्त्रहरु सौर्यमण्डलमा एताउता घुम्नु आदि यस सन्दर्भका केही उदाहरण हुन्। सौर्यमण्डलभरि नै आज मानिसको महत्व बढ्दै छ, दिनानुदिन बढ्दै जानेछ। उसको बुद्धि, पौरखको अगाडि भूत-प्रेत, पिशाच, डाकिनी, शाकिनी, दैत्य, दानव, राक्षस, सुर, असुर, ईश्वर आदि कसैको हब्वाकब्वा चल्दैन। यसरी विज्ञानको प्रगतिको परिधि अपरिमित, असीमित हुँदैछ। यी उपलब्धिहरु एकातिर उत्तरोत्तर मानव कल्याणतिर उन्मुख छन् भने अर्कोतिर बनमा सभ्यता, मानव प्रगति, हाम्रो यो पृथ्वी र हाम्रै मानव जाति समेतको बिनाशतिर पनि उत्तिकै उत्तारु छ।

यस स्थितिको विश्लेषण गर्दै जुलियन हक्सलेले भनेका थिए, "हाम्रो वर्तमान ज्ञानको आधारमा अधिकतम व्यापक लक्ष्य केवल अस्तित्व जोगाउनु मात्र होइन, संख्या वृद्धि गर्नु मात्र होइन, जीवन पद्धतिको जटिलता बढाउनु मात्र होइन, पर्यावरणमाथि बढ्दो नियन्त्रण गर्नु मात्र होइन, बरु महत्तर परिपूर्ति- मानिसद्वारा सामूहिक तवरले हुन सक्ने बढी सम्भावनाहरुलाई झन् झन् बढी मूर्त रुप दिनु पनि हुन आएको छ।"

यसैले एकै वाक्यमा भन्ने हो भने आज यो संसार मात्र होइन, केही हदसम्म ब्रम्हाण्ड नै काल्पनिक ईश्वरमा होइन, जल्दोबल्दो मानिसमा केन्द्रित हुन आइसकेको छ।

तसर्थ कुनै पनि योजना, शास्त्र वा संस्कृतिमा जस्तै कुनै पनि धर्ममा पनि मानिसलाई कुन स्थान दिएको छ, विश्लेषणात्मकरुपले समीक्षा गर्नु नितान्त आवश्यक हुन्छ। ब्रम्हाण्डमा समेत उसको भूमिका अत्यधिक महत्व भइसकेको छ। आधुनिक विज्ञानले आज उसको हातमा एकातिर यस्ता प्राविधिक साधनहरु राखिदिएको छ जसबाट मानिस प्रकृतिसँगसँगै प्राकृतिक प्रक्रियाहरुमा समेत सहभागी बनेको छ भने अर्कोतिर आफ्नो-आफ्नो सभ्यता, आफ्नो जाति, प्रकृति समेतको सम्भावित विध्वंसतिर धकेलिएको छ। मानिसको त्यस्तो आत्मघाती दुष्प्रबृत्ति हटाउन लगाई उसमा अन्तर्निहित सिर्जनात्मक, कल्याणकारी गुणहरुको अभिवृद्धिद्वारा आफ्नो समृद्ध सभ्यता र अरु उपलब्धिहरुको राम्रो संरक्षण गर्ने उपायहरुको आविष्कार गर्नु अनिवार्य भएको छ।

यस सम्बन्धमा वर्ट्रायन्ड रसेलले ठीकै भनेका छन्, "हामीहरु साधनको रुपमा मानव कौशल र लक्ष्यको रुपमा मानव मूर्खताको बीचमा चलिरहेको दौडको माझमा छौं। मानिसहरुले जति परिमाणमा ज्ञानको वृद्धि गर्दछन् उत्तिकै परिमाणमा बुद्धिको बृद्धि गरेनन् भने ज्ञानको बृद्धि भनेको शोकसन्तापको बृद्धि मात्र हुनेछ।"

यस्तो स्थिति अन्तर्गत मानिसले आज आपसमा आइपरेका विवाद, मतभेद, मलोमालिन्यको अन्त्य गाली गलौच, झैझगडा, बलजफतीले होइन सद्भावना, समझदारी सहिष्णुताले गर्नुपरेको छ (न हि बेरेन वेरानि-सम्मन्ती 'ध कुंदाचनं। अवेरेन च सम्मति - एस धम्मो सनन्तनो ॥)' वैरभावले वैर कहिले पनि साम्य हुँदैन; अवैरभावले मात्र बैरभाव साम्य हुन्छ, यही सनातन धर्म हो। विद्यमान समस्याहरुको समाधान हिंसा, मुठभेट, युद्धले होइन (जय वेरं पसवति-दुक्खं सेति पराजितो। उपसन्तो सुखं सेति- हित्वा जयपराजयं ॥ जितले वैरभाव पैदा गर्छ - हारेको (मान्छे) दुःखले सुत्छ; हारजित छाडेर साम्य, शान्त भइसकेको मान्छे सुखले सुत्छ ॥) आपसी वार्तालाप, विचार विमर्श र मानव जातिको वृहत्तर भलाइको निमित्त आत्मोत्सर्गको भावनाले गर्नु परेको छ (अत्ता हि अत्तनो नाथो-अत्ता अत्तनो गति। तस्मा सञ्ञमयत्तान-अस्सं भद्रं 'व वाणिजो ॥ आफ्नो मालिक आफै हो, आफ्नो गति पनि आफै हो; त्यसैले व्यापारीले असल घोडाहरुलाई संयममा राखे जस्तै आफूलाई संयममा राख्नु पर्छ ॥) यस्तो जटिल र गहन जिम्मेदारी मानिसले मात्र वहन गर्न सक्छ र गर्नुपर्छ। त्यसैमा मानिसको विशेषता भनौ वा श्रेष्ठता पनि छ। मानिसको प्रगति र विज्ञानको उन्नतिको साथै मानिसको उत्तर दायित्वको क्षेत्र व्यापक र स्तर उच्च भएका छन्।

जसले आफ्नो निवेक, सूझबूझ, मनुष्यत्वको उत्तरोत्तर परिष्कार गर्नुपर्छ । यो कुरो मानिसको वैयक्तिक र सामूहिक दुवै पक्षको सम्बन्धमा पनि उत्तिकै लागू हुन्छ ।

बुद्धमा समय यापनको साथै बढ्दै जाने मानिसको महत्व, उसले खेल्ने भूमिका, तदनुरुपको उत्तरदायित्व, इत्यादि सबैको अनुभूति भएको आभास हुन्छ। हुन त उहांबाट गरिएको सम्यक सम्बोधि ज्ञानको परिधिभित्र के छ, के छैन हामीहरु जस्ता अज्ञानी पृथकजनले बुझ्न सकिने त होइन। तर पनि उहाँले पच्चीस सय वर्ष अगाडि दिनु भएको 'अत्ता हि अत्तनो नाथो' को उपदेश मानिसको तत्कालीन स्थितिलाई मात्र उपयुक्त हुने खालको थियो भन्न मिल्दैन। त्यसमा निहित सार बितेको पच्चीस सय वर्ष सम्म मात्र होइन अब आउने पच्चीस सय वर्ष सम्म उत्तिकै, अझ बढी नै, प्रभावकारी भइरहने छ ।

यसरी बुद्धका एक एक उपदेश सारगर्भित र दूरगामी महत्वको हुन्छ । यस विषयमा अर्को एउटा उदाहरणको पनि विचार गरौं । पञ्चशीलको पहिलो शील 'पाणातिपाता' - मा प्राणी हिंसा नगर्ने आशयको साथै आजकालको बहु चर्चित समस्या- पर्यावरणको सन्तुलन सम्म पनि अन्तर्निहित भएको छ। केही समय अगाडि भारतले भ्यागुतोको छाला निर्यातबाट निक्कै ठूलो रकमको विदेशी मुद्रा कमाएको थियो । तर भ्यागुतोको कमीबाट धानका बोटहरुमा कीरा लागेर फसल एकदम घट्न गए पछि तथा लामखुट्टेहरुको वृद्धिबाट उन्मूलन भइसकेको औलो जस्ता रोगहरु फेरि देखा पर्न थालेपछि मात्र भारतले 'इकोलजिकल' (अर्थात् प्राणीहरु र तिनका पर्यावरणको बीचमा रहेका पारस्परिक सम्बन्धहरुको) व्यवस्थामा गडबड गर्न नहुने पाठ सिक्यो । त्यस्तै इजरायलले केही समयसम्म लाटोकोसेराहरु मार्ने अभियान चलायो । त्यसको फलस्वरुप मुसाहरुको संख्यावृद्धिबाट खेतहरुको फसलमा धक्का लागेपछि मात्र त्यो अभियान रोकियो । यसरी बाहिरबाट हेर्दा हानिकारक देखिएका पशुपंक्षीहरुको शिकारबाट पर्यावरणीय सन्तुलन सम्बन्धी प्राकृतिक व्यवस्थामा पर्ने विपरीत असरको रहस्य समेत 'पाणातिपाता'- मा समाविष्ट भएको रहेछ ।

यसरी प्राकृतिक नियमहरुको उपेक्षा गरी ईश्वरको कल्पना वा त्यसमा रीझने विश्वास वा भरोसाले मानिसलाई स्वाधीन होइन पराधीन, स्वावलम्बी होइन पराङ्मुखी, यथार्थवादी होइन, कल्पनावादी, क्रियाशील होइन अकर्मण्य, लौकिक होइन, लोकोक्षरवादी मात्र बनाउँछ । बुद्धको नाम (चेतनशीलता, मन) र रुप (भौतिक जगत) देखि भिन्न र परको कुनै पनि वस्तुको अस्तित्व नमान्ने र त्यसमा भरोसा नराख्ने स्थिति विज्ञानसित मेल खान्छ, वस्तुस्थिति अनुरुप छ ।

तसर्थ 'अत्ता हि अत्तनो नाथो'-मा निहित सत्यता अटल, शाश्वत देखिन्छ । अरु धर्महरुमा नदेखिने यो तथ्य बौद्ध धर्मकै मात्र एउटा वैशिष्ट्य हो । यो उपदेश उहाँले एकै ठाउँमा मात्र दिनु भएको थिएन । पाँच दुर्लभ धर्म (बुद्ध जन्म, मनुष्य भाव प्राप्ति आदि) लगायत अन्यत्र कतिपय धर्मदेशनाको सिलसिलामा मानिसको महत्वबारे बोल्नु भएको चर्चा त्रिपिटकमा यत्रतत्र भेटिन्छ । अन्त्यमा निर्वाण शैय्याबाट समेत उहाँले मानिसहरुलाई 'आप्पदीपो भव' (आफ्नो प्रकाश आफै होऊ) अर्थात् आफ्नो मालिक आफै होऊ भन्ने आशयको उपदेश दिंदै हुनुहुन्थ्यो ।

□□□

---

विश्वमा जति पनि धर्म संस्थापकहरु भए उनीहरु मध्ये भगवान बुद्धलाई मात्र त्यो गौरव प्राप्त, जसले मानिसमा मूल रुपमा विद्यमान निहित शक्तिलाई चिनेर त्यस शक्तिद्वारा बाह्य निर्भरताविना मोक्षको बाटो समात्न सक्दछ ।

□ प्रो. डेविड गार्डर्ड



Wondershare PDFelement

११औं विश्व आदिवासी दिवसको उपलक्ष्यमा

"आदिवासी जनताको चाहना शान्ति बहाली
र प्रजातन्त्रको पुनर्स्थापना"

नाराका साथ पोखरामा आयोजित सम्पूर्ण कार्यक्रमहरु
*सफलतापूर्वक सम्पन्न होस् यही कामना छ ।*



कृष्ण बहादुर गुरुङ्
अध्यक्ष
विश्व शान्ति स्तूप समिति
मीन थुम्की, अनदु, कास्की




आदिवासी जनजातिहरुको महत्वपूर्ण दिवस

९ अगष्ट विश्व आदिवासी दिवस हो ।

यो दिवसको उपलक्ष्यमा आदिवासी जनजातिहरुको
*उत्थान र विकासको लागि हार्दिक शुभकामना ।*



प्रकाशमान पालिखे
अध्यक्ष
**नेवाः खलः**
कास्की, पोखरा




Wondershare PDFelement

# सर्वज्ञ हुनु हुन्छ भगवान बुद्ध

✍ भिक्षु संघरक्षित संघाराम "सद्धम्म कोविद"

महामानव भगवान् बुद्ध महाकारुणिक हुनुहुन्छ, लोकविज्ञ हुनुहुन्छ, त्यति मात्र होइन, उहाँ सर्वज्ञ बुद्ध पनि हुनुहुन्छ। लोकमा विद्यमान सबै प्रकार का कुरा, परिस्थिति उहाँबाट अनभिज्ञ छैनन्। कसैलाई कहाँ कसरी के उपदेश दिनुपर्छ, के उपदेश दिंदा सुन्ने मानिसले बोध गर्दछ, उहाँ राम्ररी बुझ्नुहुन्छ। त्यसैले पनि हो, उहाँले अनगिन्ती प्राणीहरुलाई दुःखबाट मुक्त हुनसक्ने मार्गमा राख्न सक्नुभयो, जीवनलाई सफल र सार्थक गराउन सक्नुभयो।

एक समयमा उहाँ धर्मदेशना गरिरहनुभएको थियो। एक जना मान्छे हतार-हतारमा आएर उपदेश सुन्न आयो। उसलाई एकदम भोक लागिरहेको थियो। त्यसैले उसले भगवान् बुद्धको उपदेश केही पनि बुझेन। यो कुरा सर्वज्ञ भगवान् बुद्धले बुझिहाल्नुभयो। उहाँले सर्वप्रथम त्यो मान्छेलाई पेटभरी खुवाउनुभयो। त्यसपछिमात्र उहाँले धर्मदेशना दिनुभयो। बुद्धको उपदेशलाई उसले चाँडै नै अवबोध गरेर ज्ञानमार्गमा प्रतिष्ठित हुनसक्यो।

बुद्धकालीन समयमा उदेन राजाकी श्यामावती नामक एक महारानी थिइन्। ती महारानीको दैनिक फूलमाला किन्न जाने एक दासी थिइन्- खुज्जुत्तरा। तिनले दिनका दिन आठ कार्षापण (असर्फी) को फूलमाला किन्नुपर्नेमा केवल चार कार्षापणको मात्र फूल ल्याएर आधा त आफैले नाफा खाने गर्दथी। यो कुरा कसैलाई पत्तै थिएन। एक दिन तिनी सुमन मालीकहाँ फूल किन्न जाँदा त्यहाँ भगवान् बुद्ध आइराख्नुभएको समय पऱ्यो। तिनी पनि एक ठाउँमा बसेर उपदेश सुन्न थाली। भगवान् बुद्धलाई तिनको कुरा राम्ररी ज्ञात थियो। उहाँले पापकर्मबाट बच्ने ठाउँ यो लोकमा कहीं पनि नभएको र त्यसको विपाक भोग गर्नैपर्ने कुरा छर्लङ्ग तुल्याउनुभयो। बुद्धको उपदेश तिनको भित्र हृदयसम्म छुन पुग्यो। तिनीले पछिदेखि त्यस्तो नाफा खाने तथा नराम्रो कामकुरा गर्ने काम पटक्कै गरिन।

अनाथपिण्डिक महाजन भगवान् बुद्धको महाउपासक थियो। ५४ करोड धन खर्च गरेर त उसले बुद्धशासनमा जेतवन विहार दान गरेको थियो, नित्य आफ्नो घरमा हजारौं भिक्षुहरुलाई भोजन दान गरिरहेको थियो। यसका बाबजुद पनि, आफ्नो भएको एकमात्र छोरो कालकुमारलाई उनले बोध गराउन सकेन। उसको छोरा विहारमा जान मान्दैनथ्यो। भगवान् बुद्धमात्र होइन, कोही पनि भिक्षुहरुलाई भेट्न चाहदैनथ्यो। कहिल्यै उपदेश पनि सुन्दैनथ्यो। उसको व्यवहारबाट वाक्क भएका महाजनले छोरालाई सहि बाटोमा राखिदिन धेरै प्रयास गऱ्यो तर सफल भने हुन सकेन। अन्ततः उसले आफ्नो छोरालाई पैसाको लोभ देखायो। विहारमा गएर एकदिनमात्र पनि उपोसथव्रत पालन गरेर आएमा पनि एक हजार रकम दिने वचन दियो। पैसाको लोभले गर्दा उसको छोराले त्यस्तै गऱ्यो। तर यसका बाबजुद पनि छोरामा केही पनि सकारात्मक परिवर्तन देखेन। पछि पुनः एक हजारको लोभ देखाएर बुद्धको एउटा मात्र भए पनि उपदेश सम्झेर आफूलाई सुनाउन आउने कुरा भने। फेरि पनि पैसा पाउने आशाले उसको छोरा खुशी मानेर विहारमा बुद्धको उपदेश सुन्न गयो। सर्वज्ञ भगवान बुद्धले उसको मनको कुरा थाहापाइहाल्नुभयो। उहाँले गम्भीर बुझ्न कठिन उपदेशमा सुनाउनुभयो, जसले गर्दा मनमा पैसा लिने लोभ पालेर बसेका कालकुमार ले केही पनि बुझ्न सकेन। धेरै समयसम्म पनि एउटा उपदेश पनि बुझ्न नसकेपछि ऊ ध्यानलाई एकत्रित गरेर उपदेश सुन्न तल्लिन भए। यही मौकामा उहाँले यस्तो धर्मोपदेश सुनाउनुभयो, जुन उपदेशले उसको भित्र मनसम्म छोयो, राम्ररी बुझ्यो अनि बुद्धको ज्ञानको

पहिलो खुट्किलारुपी स्रोतापत्तिफलमा प्रतिष्ठित भयो। ऊ ज्ञानी बन्यो। उसको जीवन धन्य भयो।

सर्वज्ञ भगवान् बुद्धले राम्रो-नराम्रो, कुशल-अकुशल, पाप-धर्म आदि सबै कुरालाई राम्ररी बुझ्नुहुन्छ। तर पनि उहाँले आफ्नो शासनमा पहिल्यै भिक्षुहरुलाई विनय-नियमहरु लाद्नुसम्म लाद्ने काम भने गर्नुभएन। बुद्धशासनमा झण्डै बीस वर्षसम्म त भगवान् बुद्धले नियमहरु बनाउनुनै परेको थिएन। पछि हुँदैआउँदा बुद्धशासनमा नजाने-नबुझेका अनि जस्तोसुकै मान्छेहरु पनि विस्तारै भिक्षु हुन आए। त्यसपछिमात्र विस्तारै नियमहरु पनि बन्दै जान थाले। नियम बन्दै जाने क्रममा भिक्षुहरुका निम्ति २२७ नियमहरु र भिक्षुणीहरुका निम्ति ३११ नियमहरु बन्नपुगे, जुन हालसम्म विद्यमान छन्।

बुद्धशासनमा क्रमशः देखिन थालेको विकृति र एक एक गर्दै बन्दै गएको विनय-नियमलाई देखेर बुद्धका अग्रश्रावक सारिपुत्र महास्थविर भगवान् बुद्धकहाँ आएर विन्ती गर्नुहुन्छ, -"भो भगवान्, एउटा एउटा गरेर शील बिग्रिसकेपछिमात्र नियमहरु बनाउदै जानुभन्दा बरु पहिल्यै सबै नियमहरु बनाइराख्दा ठीक हुन्थ्यो नि, कमसेकम भिक्षुहरुले त्यस्तो शील त बिगार्ने अवसर पाउँदैनथ्यो।"

त्यस समयमा भगवान् बुद्धले प्रतिप्रश्नमा सारिपुत्र महास्थविरसंगै सोध्नुहुन्छ, -"हे सारिपुत्र, एकजना वैद्य अथवा डाक्टरले प्रायः सबै प्रकारका रोगहरुको औषधि जानेको हुन्छ। के त्यसो भए उसले रोग हुनु अगावै त्यो मान्छेलाई सबै किसिमका औषधिहरु प्रयोग गर्दछन् कि? के त्यस्तो गर्नु उचित होला र?"

सारिपुत्र महास्थविरको उत्तर थियो-हुँदै भगवान्, त्यस्तो गरिदैन पनि।

तब भगवान् बुद्ध आज्ञा गर्नुहुन्छ,-"हे सारिपुत्र, त्यसरी नै तथागतले सबै कुरा बुझेको छ, देखेको छ, शील-विनयबारे पनि जानेको छ, तर पनि विना कारण [illegible] समय अगावै नभन्ने आज्ञा गर्नुहुन्छ।"

मिलिन्द राजाले पनि भगवान् बुद्धको सर्वज्ञताको विषयमा प्रश्न गर्नुहुँदै नागसेन भन्तेलाई यही प्रश्न गरेका थिए,-"भगवान बुद्ध यदि सर्वज्ञ हुनुहुन्थ्यो भने भिक्षुहरु बिग्रनुभन्दा अघि नै सबै प्रकारका नियमहरु पहिल्यै किन आज्ञा गर्नुभएन, जब उहाँलाई थाहा थियो कि त्यस्ता कुरा हुनेछन् अथवा ती शीलहरु बिग्रने छन्?"

त्यसबेला नागसेन भन्तेले पनि विभिन्न उदाहरणहरु दिएर माथि उल्लिखित भगवान् बुद्धले भनेसरि नै बुझाइदिएका थिए। पुनः मिलिन्द राजाले देवदत्तको प्रसंगलाई समेत जोडेर भन्तेसंग जिज्ञासा राख्छन् -"भगवान् बुद्धले देवदत्त प्रव्रज्या भएर संघभेद आदि महापाप गरेर महाअवीचि नरकमा पुग्ने कुरा भगवान् बुद्धलाई थाहा भए उहाँ महाकारुणिक हुनु भएन। यदि उक्त कुरा उहाँलाई थाहा नभएको भए उहाँ सर्वज्ञ हुनुभएन।"

त्यस समयमा नागसेन भन्तेले राजालाई बुझाउनुहुन्छ,-"भगवान् बुद्ध महाकारुणिक पनि हुनुहुन्छ, सर्वज्ञ पनि हुनुहुन्छ। करुणा राख्नुभएर नै उहाँले सर्वज्ञ ज्ञानले देवदत्तको के गति हुने हो भन्ने थाहा पाउनुभएर नै प्रव्रजित गराउनुभएको हो। देवदत्त बुद्धशासनमा प्रव्रजित नभएको भए त्यो मूर्ख मान्छेले कल्पनानुकल्प महानरकमा जानुपर्ने पापकर्म गर्ने थियो। उसको महापापमा केही भए पनि कमी आउने भएर नै भगवान् बुद्धले देवदत्तको गति थाहा पाउनुभएर पनि बुद्ध शासनमा प्रव्रजित गराउनुभएको थियो।"

देवदत्तले आफ्नो जीवनकालमा धेरै किसिमका धेरै पापहरु गरे, बुद्धलाई मार्ने, मार्न लगाउने प्रयत्न गऱ्यो, भिक्षुसंघमा फुट ल्याएर संघभेद ल्याइदियो। आजिवन बुद्धप्रति नराम्रो भावना र द्वेषचित्त राखेर बसेका देवदत्तले मरणकालमा आफ्नो कर्मविपाकको कारणले धेरै दुःख भोग्नुपऱ्यो। अन्ततः ऊ बुद्धको समीपमा पुगेर क्षमा माग्ने र बुद्धको शरणमा जाने दृढ निश्चियका साथ भगवान् बुद्ध विहार गरिरहनुभएको

बिहार तिर गयो । तर, आफ्नो पापको भारीले गर्दा बुद्धको दर्शन पनि गर्न नपाउँदै पृथ्वीमा धँसेर महाअवीचि नरकमा पुग्नगयो । तर पनि, मर्नु अघि देवदत्तले प्रार्थना गरेको थियो ।

इमेहि अट्ठीहि तमग्गपुग्गलं, देवातिदेवं नरदम्मसारथिं ।
समन्तचक्खुं सतपुञ्ञलक्खणं, पाणेहि बुद्धं सरणं उपेमीति ॥

अर्थात, यही आठ उत्तम पुरुषहरुमध्ये श्रेष्ठ, देवताहरुभन्दा पनि देव, देव र मनुष्यहरुलाई दमन गर्नुहुने सर्वज्ञ ज्ञान भएका, सय शुभ लक्षणले युक्त हुनुभएका भगवान् बुद्धको शरणमा म आफ्नो ज्यान रहेसम्म जान्छु ।

अन्तिम समयमा मात्र भए पनि देवदत्त बुद्धको शरणमा पुगेको हुँदा ऊ आफ्नो महापापले गर्दा महानरकमा पतन भए पनि उसको महानरकको अवधिमा कमी आउने छ । त्यहाँबाट मुक्त भएपश्चाद् भने देवदत्त भविष्यमा अट्ठिस्सर भन्ने प्रत्येकबुद्ध भएर उतपन्न हुने छ । यसरी, महाकारुणिक सर्वज्ञ भगवान् बुद्धले देवदत्तको बारेमा सबै यथाहाल जान्नुभएर नै उसलाई बुद्धशासना प्रव्रज्या गराउनुभएको थियो ।

भगवान् बुद्धले आदि, मध्ये र अन्तसम्मका सबै कुरा, सबै विषय बारेमा जान्नु हुन्छ । उहाँले जुन चरित्रको व्यक्तिलाई जस्तो उपदेश दिंदा बोध गर्दछन् सोहि अनुरुप उपदेश गर्नुभएर बोध गराउनु हुन्थ्यो । नियम र सिद्धान्तलाई भन्दा मान्छेको चरित्र परिशुद्ध तुल्याउन, व्यवहारिक बन्न उपदेश गर्नुहुने भगवान बुद्धको उपदेश आज संसारका अधिकांश देशहरुले वरण गरिरहेको प्रत्यक्ष देखिएको छ । भगवान् बुद्ध भन्नुहुन्छ-"पञ्ञावन्तस्स अयं धम्मो" अर्थात् यो धर्म भनेको प्रज्ञा (विवेकबुद्धि) हुनेहरुको निम्ति हो ।

डा.भीमराव अम्बेडकरका शब्दमा बुद्धधर्मको प्रचार गर्नु मानव समाजको सेवा गर्नुहो । सुपसिद्ध बौद्ध विद्वान त्रिपिटकाचार्य भिक्षु धर्मरक्षिता र डा वालिसिंहका कथनमा भन्नुपर्दा बुद्ध धर्मको इतिहासमा एउटै पनि पृष्ठ रक्तरंजित छैन ...... बुद्धधर्मको एउटै तलवार थियो-प्रज्ञाको तलवार र एउटै शत्रु थियो -


विश्व आदिवासी दिवस

**आदिवासी जनजातिहरूको महत्वपूर्ण दिवस हो**

यस महत्वपूर्ण दिवसको उपलक्ष्यमा आदिवासी जनजातिहरूको एकता र उन्नतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।



युवा बौद्ध संघ | ज्ञानमाला संघ
बौद्ध उपासिका संघ | दायक सभा

**धर्मशीला बुद्ध विहार**
धर्मशीला मार्ग, नदीपुर, पोखरा ।

# जीवनलाई नियाली हेर्दा

✍ डा. गणेश ब.माली

विशाल अन्तरिक्षमा एक कण नगण्य
पृथ्वीतलमा बही रहेको,
विकास हुँदै आजको रुपमा
आइपुगेको अनित्य यो जीवन !
सुख सुख भनीकन दुःख भुमरीमा
घुमीरहेको संघर्ष-पूर्ण
अति नै दुःख कष्ट गरी अन्तमा
हात नलाग्ने केही यो जीवन !

आश्चर्य भई सोध्छ एक जीवन धारी
जीवन जसले बनायो उसलाई-

"के हो जीवन अनि मृत्यु हो के ?
कहाँबाट आएँ म, जाने हो कहाँ ?
के हो यथार्थ ? आधार छ के ?
सार यसको के छ यहाँ ?"
आयो अस्तित्व भित्रैबाट
सुस्तरी आवाज कसैको -

"उद्देश्य म हुँ अनि अर्थ म नै,
सार म हुँ आधार म नै
आयौ म बाटै जानेछौं म मै,
मेरै लागि हो बाच्नु यहाँ !

"बाँच बाँच लौ राम्ररी बाँच,
बाँच्नको लागि जीवन यहाँ,
बाच्नको लागि आधार बलियो
छैन म छोडी अरु यहाँ !"

"बहने क्रम मेरो हो विकास,
समदर्शिता मेरो नैतिकता,
विज्ञान र दर्शन दुई ज्योति मेरो
रुप मेरै हो शक्ति-पदार्थ !"

"जीवनलाई तटोली भित्रै खोजे
पाउने छौं निश्चय नै
कालो बादल राग-द्वेषले
ढाकी राखेको ज्योति मेरै !"

आश्चर्य चकित भै जीवन - धारी
हेर्छ को हो यो बोल्ने भनी
देखी उनले आफैलाई अनि
बुझे जीवन हो शून्य सरी !

□□□

# गुरुङ जातिको विशेषता: एक चर्चा

✍ भक्त बहादुर गुरुङ

गुरुङ जाति यो मुलुकका पुराना वासिन्दा हुन्। यसलाई आदिवासी जनजाति भन्दछन्। वास्तवमा यो यहाँको मूलवासी भूमिपुत्र हुन्। यो जाति स्वावलम्वी छन् र आत्मनिर्भरतामा विश्वास गर्दछन्। यसले आफूलाई चाहिने सामानहरु आफै उत्पादन गर्दछन्। घरमा बस्दा उन कात्ने, धनो बनाउने र कपडा बुन्ने देखि चुइया काट्ने नाम्लो दाम्लो, डोको बनाउने सबै काम आफैले गर्दछन्। यस जातिको राडी पाखीको ख्याति टाढा टाढा सम्म फैलिएको सबैलाई थाहा छ। यहाँका राडी पाखी विदेशमा समेत निर्यात गरिन्थ्यो।

गुरुङ जातिमा साझा काम गर्ने सहयोगी भावना प्रशस्त छ। रोंधीं भन्दा आज भोलि अलि नराम्रो अर्थमा बुझ्ने गरिएको छ। रों भनेको समूह र धीं भनेको घर हो। युवायुवतीहरु समूह गरी बस्ने भएकाले रोंधीं भनिएको हो। यो जाति रस रंगमा रामाउने भएकाले रोंधींमा जीत गाउने, मादल बजाउने, नाच्ने आदि गर्दछन् त्यसो गर्नु परम्पराजस्तै भएकोले गुरुङ जातिका सबै भनेजसोले मादल वजाउन आदि जानेका हुन्छन् र धेर थोर सबैले नाच्ने पनि गर्दछन्। तर यो रोंधींको विशेषता नाचगान गर्ने मात्र होईन। यसलाई त्यस रुपमा मात्र हेरिनु हुँदैन। यसको धेरै विशेषता छन्। ती युवायुवती त्यहाँ बस्दा एक अर्काको भावना बुझ्ने, सहयोग गर्ने मात्र होइनन्, गाउँमा, समाजमा आपद विपद आइ लागे भने उनीहरु सबै मिलेर त्यो आपद विपदमा उद्धार गर्ने गर्दछन् र पीडित जनको सहयोग गर्ने गर्दछन्।

मरेको घरमा गएर पनि रोंधीं बस्ने चलन छ। त्यसलाई "धुंरु" भन्दछन्। त्यहाँ शोकाकुल परिवार लाई समवेदना दिने र परिआएका सबै काम रोंधीं वस्नेहरुले तत्परता साथ गरीदिन्छन्। यस्तो चलनले पीडित पक्षलाई धेरै सघाउ पुग्न जान्छ। त्यतिमात्र पनि होइन, रोंधींबाट उनीहरु खेतवारीमा गएर काम गर्ने र एकले अर्कालाई सघाउने काम पनि गर्दछन्। असक्त वृद्ध वृद्धाको खेतवारीमा जोत्ने, खन्ने र वीउ रोप्ने काम पनि उनीहरुले तत्परता साथ गरिदिंदा त्यसले ठूलो परोपकार गरिएको अनुभूति गरिन्छ। यस्ता रचनात्मक एवं साझा काम गर्ने परम्परा भएको रोंधींलाई अर्थको अनर्थ गरी हेर्ने र बुझ्ने गरिएको देख्दा आश्चर्य र दुःख लाग्दछ।

गुरुङहरु यहाँका मूल वासी भएकाले यसको आफ्नै भाषा, भेष, धर्म, संस्कृति र संस्कार छन्। केही वर्ष देखि गुरुङहरुले आफ्नो विशेषता खोज्ने काम गरेका छन्। यो खोज्ने काम गर्दा साम्प्रदायिक भन्ने आरोप पनि लाग्ने गरेको छ। तर अहिले त्यसरी आरोप गर्नेहरु आफै पनि आफ्नो विशेषता खोज्न जातीय संगठन गर्ने काममा लागेका छन्। आफ्नो जातीय सम्पदाको संरक्षण गर्नु राम्रो काम हो भन्ने कुरा अहिले धेरैले बुझेका छन्। गुरुङहरुले यस क्षेत्रमा अग्रणी भूमिका खेलेका छन्।

तर जतिसुकै आफ्नो सम्पदा र विशेषताको विकास गर्ने भने पनि धर्म र संस्कृतिको नाममा उत्तर र दक्षिण फर्कनेहरु यहाँ धेरै छन्। हामीले राम्ररी बुझ्नु पर्ने कुरा यो छ कि न उत्तरबाट आएको संस्कृति हाम्रो मौलिक हो, न त दक्षिणवाट आएको नै हाम्रो आफ्नो हो। हामीले आफूलाई नेपाली भनाउनमा गर्व गर्ने भएपछि अरु देशको नामसँग जोडिएको धर्म, संस्कृति र संस्कारलाई आफ्नो भनेर अपनाई रहनुको औचित्य नै के हुन सक्दछ र? जब सम्म हामीले अरु देशको नामसँग जोडिएको धर्म, संस्कार र संस्कृति अपनाई र हन्छौं, तब सम्म हाम्रो राष्ट्रिय स्वाभिमानको संरक्षण र सम्बर्द्धन हुन सक्दैन र हामीले यहाँको रैथाने भनेर भन्नुको अर्थ र महत्व पनि त्यति रहँदैन। हामीले कुरा नबुझ्दा के गर्‍यौं र के भयौं, त्यो अर्कै कुरा हो तर अब कुरा बुझेपछि सच्याउनु र सही मार्ग अवलम्वन गर्नु हाम्रो कर्तव्य हो।

हाम्रै देशमा जन्मेका, हाम्रै राष्ट्रिय विभूति घोषित तथा एशियाका प्रकाशका रुपम विश्वविख्यात भगवान बुद्ध हामीसँग छ। उनै भगवान बुद्धद्वारा प्रतिपादित - शान्तिको धर्म हामीसँग छ। हत्या, हिंसा फैलिएको बेलामा शान्तिको धर्मको औचित्यता, आवश्यकता र सान्दर्भिकता अरु बढेको छ। यसैलाई अपनाएर हामीले विश्व सामु शीर ठाडो पार्न सक्दछौं। अझ सम्म बुद्ध धर्मको नाममा हामीले जे जति अबौद्ध क्रियाकलाप गर्दैछौं, त्यसलाई छोड्नु पर्दछ र हाम्रो आचार र व्यवहार सुधार्नु पर्दछ।

(पोखरा रत्नचोक निवासी श्री भक्त बहादुर गुरुङसँगको लामो कुराकानीको आधारमा तैयार गरिएको सानो लेख)

□□□

# बुद्ध धर्ममा नारीको स्थान

✍ अमिता धाख्वा, 'परियत्ति सद्धम्म कोविद'

आजको आधुनिक वैज्ञानिक प्रभावले प्रभावित चेतनशील समाजमा नारीहरुको भूमिकाको विषयमा दिलचस्पीपूर्ण हलचल भइरहेको छ । नारीलाई पनि पुरुष सरह समाजमा स्थापित गरी समतामूलक समाज सृजना गरी समविकास गर्नुपर्ने धारणा प्रचारमा आइरहेको छ । प्रत्येक परिवार, समाज, राष्ट्र तथा अन्तराष्ट्रिय विकासको क्षेत्रमा नारीहरुको भूमिका उत्ति नै महत्वपूर्ण हुन आउँछ जति पुरुषको छ। देशको आर्थिक, सामाजिक, राजनैतिक, धार्मिक, शैक्षिक आदि क्षेत्रमा नारीको सहभागिता रहेको छ । यी विभिन्न क्षेत्रमा नारीले दक्षतापूर्वक आफ्नो कर्तव्य एवं दायित्व पुऱ्याउँदै आफ्नो स्थान सुरक्षित गर्नमा प्रयत्नरत छन् । यी विभिन्न क्षेत्रहरु मध्ये धार्मिक क्षेत्रमा विशेष गरी बुद्ध धर्ममा नारीको स्थान के, कस्तो छ भन्ने बारेमा यहाँ चर्चा गर्नु सान्दर्भिक होला ।

भगवान बुद्धले आध्यात्मिक उन्नतिको क्षेत्रमा नारी र पुरुषलाई समान अवसर दिनु भएको छ । बुद्धकालीन नारीहरुको जीवनी अध्ययन गर्दा भगवान बुद्धले नारी समाजको निमित्त गर्नु भएको अनुपम देन र नारीहरुले पनि बुद्ध शासनको कार्यक्षेत्रमा विलक्षण प्रतिभा तथा शक्तिको परिचय दिन पछि नपरेको देखिन्छ। नारीले पनि आर्य अष्टांगिक मार्गको अनुगमन गरी चित्त शुद्ध पार्न सक्छ र दुःखबाट मुक्त भै शान्तिको अवस्था निर्वाण प्राप्त गर्न सक्ने क्षमता भएकोले नै भगवान बुद्धले धार्मिक जीवन यापन गर्न भिक्षुणी संघ स्थापना गर्नु भएको थियो। भगवान बुद्धले उपासिकाको रुपमा नारीलाई उचित स्थान दिनुभएको थियो । बुद्धशासन, उन्नति, अभिवृद्धि एवं चिरस्थायी गर्न भिक्षु, भिक्षुणी, उपासक र उपासिका यी चारै परिषदको उत्तिनै महत्पूर्ण भूमिका रहेको छ ।

पितृप्रधान समाजमा पुरुषको स्थान ठूलो रहेको छ र महिला दोस्रो दर्जाको रुपमा रहनु परेको बाध्यता छ। महिला र पुरुष प्रतिको विभेदपूर्ण दृष्टिकोण रहेकै छ। कुलपरम्परा चलाउनलाई मात्र होइन, आमा बाबुको मृत्यु संस्कारको काजक्रिया गर्नलाई छोरा नभई नहुने कुरामा अन्धविश्वास छ । छोराबाट काजक्रिया गराउँदा मृत्युपछि सुख पाइन्छ, मुक्ति पाइन्छ भन्ने विश्वासले गर्दा आमा-बाबुलाई छोरा नजन्माई नहुने हुन्छ। यही विश्वासमा लागेका पुरुषहरुले एउटी स्वास्नीबाट छोरा पाएन भने दोस्रो विवाह गर्छन् र छोरा पाएन भने दुई तीन अझ त्यो भन्दा पनि बढी विवाह गरी छोरा जन्माउन खोज्छन् । छोरा नभएकी स्वास्नीलाई घरबाट निकाली अनेक यातना दिने घटना घटीरहेको देखिन्छ। यसले गर्दा पनि छोरी भएर जन्मनु सराप सिद्ध ठानिन्छ। यस सन्दर्भमा बुद्ध धर्ममा 'आफ्नो मुक्तिको लागि आफैले कोशिश गर्नुपर्दछ । कसैले कसैलाई मुक्ति दिलाउन सक्तैन । आ-आफ्नो राम्रो र नराम्रो कर्म अनुसार राम्रो र नराम्रो गति हुने हुन्छ, सुख दुःख भोग गर्नु पर्ने हुन्छ । छोराले वा छोरीले काजक्रिया गर्दैमा मृत आमा-बाबुहरुको मुक्ति हुने होइन । मरेको आमा-बाबुको नाममा पुण्य गरी पुण्यानुमोदन गर्नु छोरा छोरीको कर्तव्य हो। बौद्धहरुको दृष्टिमा आमा बाबुको मृत्यु संस्कारको काम गर्न छोरा नै चाहिन्छ भन्ने छैन, छोरीले पनि गर्न सक्दछ। यसैले विवाहित नारीहरुले छोरा नपाए पनि लोग्नेले छोड्ला भन्ने भय लिनु पर्दैन । भगवान बुद्धले छोरालाई मात्र होइन छोरीलाई पनि स्थान दिनु पर्छ भनी आज्ञा भएको थियो। एक चोटी प्रसेनजित कोशल राजा बुद्धको सम्मुखमा बसी प्रशन्नतापूर्वक उपदेश सुनिरहनु भएको थियो । त्यही बेला राजाको दूतबाट मल्लिका महारानीले छोरी जन्माएको कुरा सुन्दा एक्कासी मुख अँध्यारो पारेको भगवान बुद्धले देख्नु भयो । त्यसबेला प्रसेनजित राजालाई आज्ञा गर्नुभयो - "इत्थिपि हि एकच्चिया सेय्या पोस जनाधिप ......., (संयुक्त निकाय) अर्थात यहाँ कोहि कोहि स्त्री बुद्धिमती, शीलवती भई पुरुष भन्दा पनि श्रेष्ठ हुन सक्छन् .....।" त्यसैले महाराज, तपाईको कर्तव्य यहि हो कि त्यो बच्चालाई समुचित रुपले पालन पोषण गर्नु ।"

यसबाट स्पष्ट हुन आउँछ कि वैदिक परम्परादेखि आएको पुत्री जन्मको असन्तोष भावना बुद्धकालीन

समयमा पनि कम थिएन । यस्तो समयमा बुद्धको यो घोषणा पनि एक क्रान्तिकारी कदम हो ।

वैवाहिक सम्बन्धमा भगवान बुद्धले स्त्री र पुरुषको कर्तव्य सम्बन्धमा अरु धर्ममा जस्तो पुरुष प्रति गर्नुपर्ने कर्तव्य सम्झाउनु भएको मात्र होइन स्त्रीप्रति पुरुषले गर्नुपर्ने कर्तव्यको बारेमा पनि अर्थात दुवै पक्षले आपसी पालना गर्नुपर्ने कर्तव्य बारे उपदेश दिनु भएको उल्लेखनीय छ । सिगालोवाद सूत्रमा वैवाहिक जीवन सुखमय हुनलाई स्त्रीले पुरुष प्रति पाँचवटा कर्तव्य पालन गर्नुपर्ने जस्तै पुरुषले पनि स्त्रीप्रति पाँचवटा कर्तव्य पूरा गर्नुपर्ने बारेमा गृही विनयको रुपमा उल्लेख गरिएको कुरा आजको परि प्रेक्षमा पनि त्यत्तिनै महत्वपूर्ण छ जति बुद्धकालीन समयमा रहेको थियो ।

बुद्धको समकालीन तथा पूर्वकालीन नारी समाजको स्थिति अनि नारी समाजप्रतिको दृष्टिकोण कस्तो छ भनी परिचित हुनलाई त्रिपिटकको थेरी गाथा ठूलो सहायकसिद्ध हुन्छ। विभिन्न थेरीहरु (भिक्षुणीहरु) को जीवनी अध्ययन गर्दा तत्कालीन नारीको सामाजिक, राजनैकि, आर्थिक धार्मिक आदि स्थिति स्पष्ट हुन आउँछ र भगवान बुद्धले नारी उत्थानको निमित्त दिनु भएको अनुपम योगदान छर्लङ्ग देखिन्छ। त्यस्तै थेरीहरुले पनि उच्च ज्ञान हासिल गरी बुद्ध धर्म प्रचार प्रसारमा कार्यकुशलता देखाएका थिए ।

सिद्धार्थ गौतमकी सानी आमा राजमहिर्षी प्रजापति गौतमी जसले वहाँलाई मातृत्व दिई हुर्काईएको थियो। वहाँले बुद्ध प्रति अगाढ श्रद्धास्वरुप चीवर वस्त्र दान दिनलाई आफैले धागो काती कपडा बुनी चीवर बनाएर बुद्ध समक्ष आग्रह गर्न सक्नु स्वाभिमानी नारीको हस्तकला कौशलको प्रमाण हो । राजश्री वैभवमा बसेकी ८० वर्ष उमेर पुगेकी वृद्धा महारानी प्रजापति गौतमी कपिलवस्तु देखि वैशाली सम्मको टाढाको बाटोमा पाँचसय नारीहरुको साथमा भिक्षुणी हुनलाई भगवान बुद्धसँग अनुमति लिन भिक्षु आनन्द समक्ष आग्रह गर्नआउनु कम उत्साहको कुरा होइन । बुद्धको अनुकम्पायुक्त देन स्वरुप भिक्षुणी शासनको शिलान्यास गरी नारी जातिलाई बुद्ध धर्ममा समान अवसर प्रदान गराउनुमा प्रजापति गौतमीको प्रयत्न सवल तथा सफल भएको वहाँको कार्य कुशलताको प्रमाण हो ।

प्रभावशाली धर्म व्याख्यानमा कुशल भएकी धम्मदिन्ना भिक्षुणीलाई बौद्ध दर्शनका सूक्ष्माति सूक्ष्म अति गम्भीर विषयलाई स्पष्ट गरी बुझाउन सक्ने शक्ति छ भन्ने कुरा विशाखा उपासकले सोधेको प्रश्नको जवाफ दिएकोलाई भगवान बुद्धले शतप्रतिशत अनुमोदन गर्नु भएकोबाट स्पष्ट हुन्छ। भगवान बुद्धले धम्मदिन्ना भिक्षुणीलाई धर्म कथिकहरु मध्येमा अग्रस्थान रहेको एतदग्गपद दिनु भएको थियो ।

भिक्षुणी अम्बपालीले वृद्धावस्थामा आफ्नो शरीरको प्रतिवेक्षण गरी जुन उद्‌गार व्यक्त गर्नु भएको थियो त्यो पालि काव्यमा सर्वोत्तम उदाहरण हो । अम्बपालीले भगवान बुद्धलाई आम्रवन दान दिनु भएको थियो ।

भिक्षुणी सोणाले स्त्रीहरु दुई औंलाको बुद्धिमात्र भएका भनी अपमान गर्नआएकोलाई जवाफै दिन नसक्ने गरी उत्तर दिएको सराहनीय छ । सोणाको उद्‌गार थियो - 'इत्थिभावो नो किं कयिरा, चित्तम्हि सुसमाहितो' अर्थात चित्त राम्ररी समाहित छ भने स्त्रीभावले हामीलाई केहि गर्दैन । कारण निर्वाण प्राप्त गर्ने जुन अधिकार हो त्यो प्राप्त गरीसकेकी छु ।

आफ्नो पति, पुत्र आफन्तहरुको वियोगमा शोकले विह्वल र असहाय भई होश गुमाएकी पटाचाराले भगवान बुद्धको महाकरुणायुक्त "बहिनी होसमा आउ" भन्ने प्रेरणायुक्त उपदेश सुनेर होश जाग्रत गरी बुद्ध शासनमा दीक्षित भईन्। आफू पनि भिक्षुणी भएर अरु ५०० अवला नारीहरुलाई भिक्षुणी गरी अर्हत हुने अवसर प्रदान गरिएको कुरा उल्लेखनीय छ। विनयमा अग्रपद प्राप्त भिक्षुणी पटाचारा पनि एक आदर्श बौद्ध नारी हुन् ।

बुद्ध शासनमा भिक्षुहरु समर्थवान भए ... भिक्षुणीहरु पनि समर्थवान छन् । भिक्षुहरु ... प्रज्ञावानमा अग्र सारिपुत्र थिए भने भिक्षुणी...

खेमा प्रज्ञामा अग्र थिए। भिक्षुहरु मध्ये ऋद्धिमा मौद्गल्यायन अग्रणी भए जस्तै भिक्षुणीहरु मध्ये उप्पलवण्णा अग्र थिइन।

महाप्रजापति गौतमी चीररात्रज्ञमा, धममदिन्ना धर्मकथिकमा, यशोधरा महाभिज्ञालाभिनीमा, नन्दा ध्यानी भिक्षुणी, पटाचारा विनयधरा, कृशागौतमी रुक्षचीवर धारी, सोणा वीर्यवती, भद्रकापिलानी पुर्वे निवास ज्ञान, भद्राकुण्डलकेश क्षिपाप्रज्ञानी सकुला दिव्यचक्षुलाभिनी, सिंगालमाता श्रद्धामतीमा एतदग्ग पद प्राप्त भगवान बुद्धबाट प्रशंसित भिक्षुणीहरु हुन्।

यस्तै बुद्ध शासनमा समर्थवान उपासकहरु भए जस्तै समर्थवान उपासिकाहरु छन्। दाता उपासकहरु मध्येमा अनाथपिण्डिक महाजन नामी छन् भने उपासिकामा विशाखा उपासिकाको नाम उत्तिकै प्रख्यात छ। विशाखा ७ वर्षको उमेरमा स्रोतापन्न ज्ञान प्राप्त भएकी बुद्धको नजिकमा रहन पाएकी र बुद्धको श्री मुखबाट 'विशाखे' भनी सम्बोधित 'पण्डित, वक्ता मेधाविनी, दायिका मध्येमा एतदग्ग पदमा अग्रस्थान प्राप्त उपासिका हुन्। विशाखाले आफ्नो कार्य दक्षता देखाई निग्रन्थनाथ अनुयायी ससुरा मृगार श्रेष्ठीलाई बुद्ध धर्ममा दीक्षित गरी 'मृगार माता' नामले प्रख्यात छिन्। त्यस्तै खुज्जुतरा बहूश्रुत तथा प्रज्ञाको क्षेत्रमा विशिष्ट स्थान ओगटेको छ र मैत्री भावनाको क्षेत्रमा श्यामावती, ध्यानीमा उत्तरानन्दमाता, प्रणीत दायिकामा सुप्रवासा रोगी सेवामा सुप्रिया, प्रशन्न हुनेमा कात्यायनी, विश्वसनीयतामा नकुलमाता, अनुश्रवणद्वारा प्रशन्न हुनेमा काली उपासिका अग्रस्थान प्राप्त उपासिकाहरु हुन्।

बुद्धकालीन समय पछिका आदर्श बौद्ध नारीहरुले पनि बुद्ध धर्म उन्नति अभिवृद्धि गर्नमा ठूलो योगदान पुऱ्याएका घटनाहरु पनि अविस्मरणीय छन्।

अशोक महाराजका सुपुत्री संघमित्रा भिक्षुणी भएर आफ्नो दाजु भिक्षु महेन्द्रको साथमा श्रीलंकामा बुद्ध धर्म प्रचार प्रसार गर्नमा उल्लेखनीय भूमिका निभाएकी थिइन। त्यहाँका रानी अनुला प्रमुख पाँच हजार कुमारीहरु र पाँच हजार अन्तपुर वासीहरुले संघमित्राबाट प्रव्रज्या ग्रहण गरेका थिए। संघमित्राले श्रीलंका जानु हुँदा रोपेको हराभर भएको बोधिवृक्षले संघमित्राको गौरवमयकथा एवं अनुपम त्यागको महिमा स्मरण गराउँछ। त्यस्तै सम्राट अशोकको अर्की छोरी चारुमतीको योगदान पनि स्मरणीय छ। सम्राट अशोकको धर्मयात्राको क्रममा नेपाल भ्रमणमा छोरी चारुमती पनि साथमा आउनु भएको थियो। चारुमती र वहाँको श्रीमान देवपालसँग 'देवपाटन' भन्ने नगर निर्माण गरी स्थायी वसोवास गरी विहारहरु निर्माण गरी नेपालमा बुद्ध धर्म प्रचार गर्नुभएको थियो।

चारुमती विहार निर्माणगरी भिक्षुणी भई त्यागमय जीवन व्यतितगरी नेपालमा धर्मको ज्योति फैलाउने चारुमतीको योगदान स्मरणीय छ।

नेपालको ऐतिहासिक राजा अंशुवर्माकी छोरी भृकुटीले तिब्बतका राजा स्रोनचन गम्पोसँग विवाह गरी तिब्बतमा बुद्ध धर्म प्रचार गरेकी भृकुटी नेपालको राष्ट्रिय विभूतिको रुपमा मानी आएका छन्। तिब्बतको राजधानी 'ल्हासा' नामसँगै रानी भृकुटीको धार्मिक भावनाको स्तुति गराउँदछ।

सारनाथका प्राचीन मूलगन्धकुटी विहार जीर्णाद्वार एवं धर्मचक्र जिन विहार निर्माण गर्ने कुमारादेवीको योगदान पनि गर्ने केन्द्र स्थापित धर्मचक्र जिन विहारको स्थापत्यकलाको राम्रो नमूना कलाकृतिको भग्नावशेष हेरेर रानी कुमारादेवीको श्रद्धा स्मरण गराउँछ। नालन्दा र महाबोधि जस्ता त्यस बेलाका शिक्षा केन्द्रको लागि आफ्नो अपार धन त्याग गरी शिक्षा क्षेत्रमा पनि ठूलो योगदान गर्ने कुमारादेवी एक आदर्श बौद्ध नारी हुन्।

आधुनिक युगमा बुद्ध धर्म उत्थानको निमित्त आफ्नो धन सम्पत्ति त्याग गर्ने दाताहरुमध्येमा अग्रपक्तीमा रहेकी हवाई द्वीप होनोलुलुमा फादर जेम्स रोबिन्सको छोरीको रुपमा इ.स. १८४४ सेप्टेम्बरमा जन्मेकी मेरी एलीजावेथ फोष्टरको नाम पनि प्रख्यात छ। बुद्ध धर्मका पुनरुद्धारका अनागारिक धम्मपालको

संगतले धर्ममा प्रभावित भएकी मेरी फोष्टरले अनागारिक धम्मपाललाई आर्थिक सहयोग दिई धार्मिक कार्यमा ठूलो योगदान पुऱ्याउनु भएको थियो ।

सम्राट अशोकद्वारा निर्माण गरिएको मूलगन्धकुटी विहार जुन हराईसकेको थियो त्यसलाई खोजेर सुरक्षित गर्ने काममा अनागारिक धम्मपाललाई मेरी फोष्टरले ठूलो आर्थिक सहयोग गरेकी थिइन । श्रीलंकाको कोलम्बो शहरमा आफ्नो बुबाको स्मृतिमा बनाएको 'फोष्टर होविन्स फ्री हस्पीटल' ले स्वास्थ्य सेवा पुऱ्याइरहेको र सिलोन बैंकमा अक्षयकोषको रुपमा बैंकमा जम्मा गरिएको कोषको ब्याजबाट धार्मिक कार्य सम्पन्न भइरहेकोबाट मेरी फोष्टरको स्मरण भइरहन्छ । मेरी फोष्टरले दिएको दानले बुद्धकालीन श्रद्धामयी विशाखाको दानलाई स्मरण गराउँछ ।

त्यस्तै पालि टेक्स सोसाइटी लण्डनमा स्थापना गरी बुद्ध धर्मका त्रिपिटक ग्रन्थहरु पालि भाषामा रोमन लिपि एवं अंग्रेजी भाषामा अनुवाद गरी विश्वमा प्रसार प्रचार गर्नमा अग्रसर भएका रीस डेनील (Mrs Caralyan Klays Danish) र आइ.बी.अनर (Mrs I.B. Honer) हरुको योगदान पनि अविस्मरणीय छ । यस्तै योगदान पुऱ्याउँदै आएका थुप्रै आदर्श बौद्ध महिलाहरु छन् जस्को आदर्शलाई प्रेरणा स्रोताको रुपमा लिई हामी नारीहरु अगाडि बढ्नु परेको छ ।

भगवान बुद्धले शान्ति प्राप्तिको निमित्त आध्यातिमक उन्नतिको क्षेत्रमा नारीलाई उचित स्थान दिनु भएको यो नारी प्रति बुद्धको ठूलो देन । नारीहरुले भगवान बुद्धले देखाउनु भएको आर्यअष्टांगिक मार्गअनुगमन गरी यथार्थज्ञाग अवबोध गरी मार्ग फल र निर्वाण प्राप्त गर्न सक्यो भने त्यो भन्दा ठूलो लाभ सुलाभ जीवनमा अरु के होला ? बुद्ध-धर्ममा यही उद्देश्य प्राप्त गर्ने सन्दर्भमा जुन स्थान छ त्यसलाई प्राप्त गर्न नारीहरु अग्रसर हुनु परेको छ ।

□□□


**९ अगष्ट विश्व आदिवासी दिवस हो ।**

विश्व आदिवासी दिवस - २०६२ को उपलक्ष्यमा

पोखरामा आयोजित सम्पूर्ण कार्यक्रमहरु सफलतापूर्वक

सम्पन्न होस् यही हाम्रो शुभकामना ।





पुष्करमान बुद्धाचार्य

कार्यकारी निर्देशक

**होटल फेवा प्रिन्स, प्रा.लि.**

कुँडहर, पोखरा ।

# बुद्ध धर्म र नेपालका जनजाति आदिवासीको सम्बन्ध

✍ तिलकमान गुभाजू

भगवान बुद्ध नेपालमा जन्मेका, नेपालका सपुत र राष्ट्रिय विभूति हुन्। आफ्नो राष्ट्रिय विभूतिद्वारा प्रतिपादित धर्म नेपाल र नेपालीको आफ्नै धर्म हो, मौलिक धर्म हो र राष्ट्रिय धर्म हो। यो धर्मसँग हाम्रो आत्मियता गाँसिएको छ, भावनात्मक टाँसिएको र राष्ट्रियता जोडिएको छ। त्यसैले विश्वमा बुद्ध धर्मको जति-जति प्रचार-प्रसार बढ्दै जान्छ, उति-उति नेपाल र नेपालीको मान, सम्मान र प्रतिष्ठा पनि बढ्दै जान्छ। भगवान् बुद्धको देश नेपाल भन्नुको गौरव र महत्व नै अर्कै छ हाम्रो लागि।

बुद्धका शान्ति, मैत्री र अहिंसाको सन्देश र सिद्धान्तले विश्वका ठूल्ठूला मानिसहरु, संघ-संस्था र देशहरु देखि संयुक्त राष्ट्रसंघलाई समेत प्रभावित पारेका छन्। संयुक्त राष्ट्रसंघले भगवान बुद्ध जन्मेको पवित्र लुम्बिनीको विकासमा विशेष चासो राखेको छ। त्यस विश्व संस्थाले शाक्यमुनि जन्मेको, उनले बुद्धत्व प्राप्त गरेको तथा महापरिनिर्वाण भएको तीनवटा संयोग परेको वैशाख पूर्णिमाको दिनलाई सार्वजनिक उत्सव मान्ने घोषणा गरेर विश्व शान्तिका अग्रदूतप्रति ठूलो सम्मान व्यक्त गरेको छ। त्यो कुरा हामी सम्पूर्ण नेपाल र नेपालीको लागि गौरवको विषय हो।

बुद्ध धर्मलाई विश्वका धेरै देशहरुले अत्यन्त श्रद्धाका साथ मान्ने गरेका छन्। कतिपय देशहरुले यसलाई आफ्नो राष्ट्र धर्मको रुपमा नै घोषणा गरेका छन्। तर विडम्बनाको कुरा स्वयं नेपाल र नेपालीहरुले नै यो शान्तिको धर्मलाई खुल्ला हृदयले आत्मसात गर्न सकेका छैनन्। बुद्ध जन्मेको देश नेपाल भन्न नै नसुहाउने गरी यहाँ व्यवहार भैरहेका छन्। यो अत्यन्त दुःखको कुरा हो।

नेपालमा बौद्धहरुको जनसंख्या १०.७ मात्र भएको सरकारी तथ्यांकले देखाएको छ। जबकि यहाँका जनजाति आदिवासी सबै भूमिपुत्रहरु बौद्ध हुन्। बुद्धधर्म र नेपालको सम्बन्ध नेपालको शुरुवात देखि नै अविछिन्न रुपले रहि आएको छ। काठमाण्डौं उपत्यका जसलाई नेपाल भनिन्थ्यो, मा पहिले पानी-पानीले भरिएको एउटा दह थियो। त्यस दहमा नागहरु बस्ने भएकाले नागदह भनिन्थ्यो। पानीले भरिएको त्यस दहमा जहाँ मानिसको वसोबास नै सम्भव थिएन, त्यहाँ कुनै धर्म हुन पनि सम्भव थिएन।

नेपालको इतिहास अनुसार बोधिसत्व महामञ्जुश्री आएर चोभारको गल्छीबाट पानी खोलिदिए पछि नै त्यो दह उपत्यकामा परिणत भएको र मानिस बस्न योग्य भएको हो। बुद्ध धर्मका महामञ्जुश्री नै त्यो पहिलो व्यक्ति हो जस्ले त्यहाँ बस्ती बसाले। उनले स्वयम्भू डाँडा देखि गुह्येश्वरीसम्म नगर बसाले र त्यस नगर राज्य सञ्चालन गर्न धर्माकर नामका आफ्ना अनुयायीलाई राजा बनाई जिम्मा दिए। राजा धर्माकरले राज्य चलाए र उनले मञ्जुश्रीले स्थापना गरेको राज्यलाई मञ्जु पतन नाम राखेर बौद्ध भिक्षुहरुका लागि बुद्ध विहारहरु निर्माण गरिदिए। मञ्जुपतन बासीहरुले पनि आफ्ना संस्थापकको नाममा स्वयम्भू डाँडामा मञ्जुश्री चैत्य निर्माण गरे जसमा आज भोलि पनि पूजा गर्ने गरिएको छ। मञ्जुश्रीले बस्ती बसाले पछि नेपालमा पहिलो पटक जुन धर्मको शुरुवात भयो, त्यो बुद्ध धर्म हो। बुद्ध धर्म नै यहाँको सबभन्दा पुरानो धर्म हो। त्यसबेला उपत्यकामा अरु कुनै धर्मको प्रवेश भएको थिएन।

तैपनि केही विद्वानहरु बुद्ध धर्म भन्दा पहिले यहाँ हिन्दू धर्म भएको जिद्दी गर्दछन्। जुन सरासर गलत हो। एक त हिन्दू भन्ने शब्दै नै त्यसवेला प्रचलित थिएन। अहिले जसलाई हिन्दू धर्म भनिन्छ, त्यसलाई पहिला वैदिक धर्म, आर्य धर्म या ब्राह्मण धर्म भनिन्थ्यो। यो सबैलाई थाहा छ कि त्यसबेला नेपाल अनार्यको देश हो। यहाँका आदिवासी जनजाति मूलवासी सबै मंगोलियन कदका छन्। मंगोलियनहरु आर्य होइनन्। अनार्य हुन्। आर्यहरुको प्रवेश यहाँ धेरै पछि मात्र भएको हो। आर्यहरु नै नभएको बेलामा हिन्दू धर्म कसरी आउन सक्छ? त्यसलाई कसले भित्र्याउने? यो प्रश्नको कुनै जवाफ छैन। त्यसकारणले बुद्ध धर्म भन्दा पहिला हिन्दूधर्म उपत्यकामा थियो भन्नु मात्र मनगढन्ते र कपोलकल्पित कुरा हो। वैदिक धर्म वर्तमान हिन्दूस्थानको कुनै भू-भागमा भएको हुन

सक्छ । त्यसमा अन्यथा केही भन्नु छैन । तर हिन्दुस्थानमा थियो भन्दैमा जहाँसुकै व्याप्त थियो भन्नु तर्कसंगत कुरा हुँदैन ।

ऐतिहासिक दृष्टिले हेर्ने हो भने नेपालको किराँतकालमा शाक्यमुनि बुद्धको प्रादुर्भाव भएको हो । इतिहासको समायोजन गर्दा बुद्धका समकालीन राजाको रुपमा सातौं किराँती राजा तिजेदास्ती मानिन्छ । जितेदास्तीकै पालामा कपिलवस्तुबाट भिक्षु आनन्द लगायतका व्यक्तिहरु उपत्यका आएका बौद्ध वाङमयमा उल्लेख छ ।

बौद्ध वाङ्मय अनुसार कपिलवस्तु र देवदह राज्यको उत्तरमा मंगोल जातिका मानिसहरुको राज्यहरु थिए । उनीहरु सबैले अत्यधिक रुचिका साथ नयाँ धर्मको रसास्वादन गरेका थिए । त्यस अघि उनीहरुले मान्ने गरेका प्रकृति पूजा आदि काल्पनिक थियो भने भगवान् बुद्धको शिक्षा र सिद्धान्त वास्तविकतामा आधारित थियो । यति प्रष्ट, सरल र व्यावहारिक धर्म पहिलो पटक पाउँदा उनीहरुले आफ्नो जीवन सार्थक भएको संझेका थिए ।

भगवान् बुद्धको परिनिर्वाण भएको करिब २५० वर्ष पछि सम्राट अशोक यस्तो व्यक्तित्वका रुपमा उदय भयो कि उनले बुद्ध धर्मलाई भारत र नेपालमा मात्र प्रचार गरेका होइनन्. कि विश्वव्यापी नै गरे । उनले १० वटा समूह गरेर धर्मदूतहरु जताततै पठाई सद्धर्मको प्रचार गर्न लगाए । ती मध्ये भिक्षु मध्येम थेरा हिमाली प्रदेशमा धर्म प्रचार गर्ने क्रममा नेपालमा आएका थिए । भिक्षु मध्येमले जहाँ सद्धर्म फैलिएको थियो, त्यहाँ त्यो धर्मलाई अरु संगठित पारे भने धर्म प्रचार नभएको ठाउँमा प्रचार गर्ने गरे । उनले काठमाण्डौ उपत्यकामा मात्र होइन, डाँडा-काँडा लगायतका यात्रा गरी सद्धर्मको प्रचार गरेका थिए । सम्राट अशोकको त्यस्तो दिग्विजय भएको बेलामा उनको दूतको आगमन यति प्रभावशाली रह्यो कि कतिपयले नतमस्तक भएर सद्धर्म अंगालेका थिए । त्यसमा पनि भगवान बुद्धको जन्मस्थल नेपाल त यस्तो ठाउँ भयो जहाँ स्वयं सम्राट अशोक २/२ पटक आएका थिए । उनी आफ्ना गुरु उपगुप्तका साथ लुम्बिनी आएर शाक्यमुनि बुद्धको जन्मस्थल यही हो भन्ने अंकित गरेर ढुङ्गाको स्तम्भ गाड्न लगाई लुम्बिनी, कपिलवस्तुको दर्शन गरे । त्यसै क्रममा उनी स्वयम्भूको दर्शन गर्न उपत्यका पुगे इतिहासको समायोजन गर्दा उनी पुगेको बेला नेपाल खाल्डोमा त्यसबेला १५औं किराँती राजा स्थुन्कोले शासन गरिरहेका थिए । उनी पुग्दा नव पल्लवित धर्मले राम्ररी प्रचार पाएको थियो । उनी खुशी भएर उनले आफ्नी छोरी चारुमतिको विवाह त्यहिंका राजकुमार देवपालसँग गरिदिए । चारुमतिले आफ्नो पतिको नामबाट देवपाटन नगर पनि बसाले । उनी पछि भिक्षुणी भइन र उनले विहार पनि बनाए । जुन विहारलाई चारुमति विहार भनिन्छ । चारुमतिको नामबाट त्यस ठाउँको नाम चावहिल रहन गएको हो । त्यसैबेला ललितपुरको विभिन्न ठाउँमा अशोक स्तूपहरु निर्माण गरिएको कुरा पनि उल्लेखनीय छ । ललितपुरलाई त्यसपछि अशोकपतन भनियो । त्यहाँ धेरै स्तूप र विहारहरु निर्माण गरिए । सम्राट अशोकको नेपाल आगमन यति प्रावकारी रह्यो कि त्यसबेला कुन राज्य र को व्यक्ति बौद्ध थिएन भनेर खोज्नुपर्ने विषय भयो । बुद्ध धर्म नेपालमा चमत्कारिक रुपले फैलिएको थियो ।

किराँत कालदेखि लिच्छवी कालसम्म आउँदा बुद्ध धर्मको धेरै प्रचार भएको थियो । त्यसबेला धर्ममात्र होइन, चित्रकला, मूर्तिकला, वास्तुकला सबै पक्ष बौद्धमय भएको थियो । आर्थिक उन्नति राम्रो थियो । त्यसैले नेपालको इतिहासमा लिच्छवीकाललाई नेपालको "स्वर्ण युग" पनि भनिन्छ ।

त्यही बेला अंशुवर्माले आफ्नी छोरी भृकुटीलाई तिब्बतका राजा श्रङचङ्गम्पोसँग विवाह गरी दिए । छोरीलाई दाइजो स्वरुप राजाले बुद्धका र बोधिसत्वका कलात्मक मूर्तिहरु पठाएका थिए । बुद्ध धर्मको व्यापक प्रचार भएको त्यसबेलामा नेपालले के-कति उन्नति गरेको थियो भन्ने कुरा कलाकार अरनिकोको जीवनीबाट पनि प्रष्ट हुन्छ । यहाँका किशोर अरनिकोले तिब्बत र चीनमा गएर अद्वितीय गुम्बा बनाएर नाम कमाए । विदेशमा गएर नाम कमाउने उनी पहिलो नेपाली हुन् । त्यसबेला नेपालको यश र कीर्ति देश विदेशमा फैलिएको थियो ।

नेपालमा बुद्ध धर्मका जति प्राचीन चैत्य स्मारक आदि भेटिन्छन्, त्यति पुरानो स्मारक, स्मारकका अवशेष आदि अन्य कुनै पनि धर्मका पाइएको छैन । प्राचीनता

नाप्ने मापदण्डमध्ये इतिहास, पुरातत्व, पुरातात्विक अवशेष र भग्नावशेषहरु हुन् । नेपालका स्वयम्भू चैत्य, ललितपुरका अशोक स्तूपहरु, चारुमति विहार, लुम्बिनीको अशोक स्तम्भ, मायादेवी मन्दिर उत्खनन गर्दा पाइएका मार्कर स्टोन, कपिलवस्तु स्थित गोटिहवा र निग्लिहवामा पाइएका स्तम्भहरु, पुरातात्विक सामग्रीहरु देखि नवलपरासी जिल्लाको रामग्राम स्तूप कम से कम २२०० देखि २६०० वर्ष भन्दा पुरानो भएको प्रमाणित भएका छन् र त्यतिका पुरानो स्मारक या अवशेष अन्य कुनै धर्मको पनि पाइएको सार्वजनिक भएको छैन । त्यसैबाट प्रमाणित हुन्छ कि बुद्ध धर्म नै नेपालको सबभन्दा पुरानो धर्म हो ।

इतिहासको यत्ति कालखण्डको अध्ययन गरेमा पनि बुद्धधर्म र नेपालको सम्बन्ध के कस्तो रहेको छ भन्ने प्रष्ट हुन्छ । नेपाल शाक्यमुनि बुद्धको मात्र जन्मस्थल होइन, त्यस अधिका कतिपय बुद्धहरु पनि वर्तमान नेपाल भित्र नै जन्मेका थिए । कनकमुनि बुद्ध, ककुछन्द बुद्ध कपिलवस्तुको निग्लिहवा र गोटिहवामा जन्मेका कुरा त्यहाँ फेला पारिएका स्तम्भहरुले प्रमाणित गरी देखाई दिएका छन् । त्यसबेला बुद्ध धर्म यस्तो किसमले फैलिएको थियो कि त्यसबेला यहाँका सबै बौद्ध भएका थिए ।

त्यसबेला बौद्ध भएका जनजाति र आदिवासी समूहमा आजपनि कहीं न कही त्यसको लक्षण देखिएका छन् । जनजाति आदिवासीहरुको सोझोपना, झूटो नबोल्ने बानी, समानतामा आधारित समाज, वर्णाश्रम भित्र नपरेको उनीहरुको जाति, भोट बर्मोली भाषा परिवार अन्तर्गत पर्ने भाषाको प्रयोग, दक्षिणतिरको विधर्मीहरुद्वारा अप्रभावित संस्कृति र भेषभूष आदि नियाल्दा उनीहरु सबै बौद्ध थिए भन्ने प्रष्ट हुन्छ । उनीहरुको समाजमा पहिले भएको विवाहवारीको प्रथाले पनि त्यो कुरा प्रमाणित गर्दछ । उनीहरु बौद्ध भएका मात्र होइनन, बुद्ध धर्मको प्रचारमा पनि उनीहरुले सघाउ पुऱ्याएको कुरा इतिहासमा उल्लेख छ ।

यस क्षेत्रका वहुसंख्यक जनजातिहरु गुरुङ, मगर र नेवार जातिको मात्र चर्चा गरौं भने पनि त्यस्तो धेरै उदाहरण पाइन्छन् र आज भन्दा एक हजार वर्ष पहिले ने.सं. ११९ मा गण्डकी गुल्म अथवा गुल्मी निवासी सुवर्णकार राना (मगर) ले सारेको संस्कृति भाषाको अष्ट साहस्रिका प्रज्ञा - पारमिता बौद्ध ग्रन्थ भारतीय विद्वान राहुल सांस्कृत्यायनले तिब्बतको डोर गुम्बामा फेला पारेका थिए । ने.सं. २१३ र २८५ मा गुल्मीमै सारिएका अरु पनि ग्रन्थहरु त्यहाँ पाईएका छन् । गुल्मीमा मात्र होइन, लमजुङ्गका गंगा (मगर) ले ने.सं. १८९ मा सारेका अष्ट साहस्रिक प्रज्ञापारमिता पनि राहुलले डोर गुम्बामा नै फेला पारेका थिए ।

गुरुङ्गहरुले १५०/२०० वर्ष पहिले पनि बुद्ध धर्म प्रति अगाढश्रद्धा भक्ति राख्ने गरेका इतिहासमा देखिन्छ । उनीहरु बुद्धधर्मप्रति अत्यन्त प्रतिवद्ध थिए । गोर्खाका शुकदेव गुरुङ्गले जंगबहादुरले गरेको हिन्दूकरणमा चित्त नबुझाई आफूलाई "नौ सरकार बौद्ध वादशाह" भएको घोषणा गरेका थिए । तर उनले काम देखाउनै नपाई राणा प्रधानमन्त्री जंगबहादुरद्वारा उनी पक्राउ परे र जेलमा शारीरिक यातनाका कारण उनको निधन भयो । उनी पछि फेरि सुमति गुरुङ्गले पनि आफूलाई बौद्ध बादशाह घोषणा गरेका थिए । राणा प्रधानमन्त्री रणोदिप सिंहले उनलाई पक्राउ गर्न ठूलो प्रयास गरे, तर सकेनन् । ती कुरा गुरुङहरुको बुद्ध प्रतिको ठूलो प्रतिवद्धता मान्नु पर्दछ । त्यति मात्र होइन, उनीहरुले पटक-पटक प्रशासनको निर्णयको पनि चुनौती दिने गर्दथे । एकताका गुरुङहरुले "चाक चकुई अपुताली मान्नमा राजी छौं, तर बाहुन पुज्नमा राजी छैनौं" भनेर सलामी नबुझाएको पनि इतिहासमा धेरै चर्चा छ ।

गोर्खामा पछिसम्म पनि घले राजाहरु भएको शाहवंशको इतिहासमा देखाएको छ । त्यहाँ पुरानो प्रख्यात पवित्रम ताघवाई गुम्बा थियो । कर्णाली प्रदेशका राजा जीवनीमा नै त्यो गुम्बाको उल्लेख गरिएको थियो । उनले १३७८ को ताम्र पत्रमा लडाईको लागि सैनिकहरु आउँदा जाँदा उक्त गुम्बालाई घच्च नलगाउनु भनेर आदेश जारी गरेको थियो । त्यसबाट गुरुङहरुको त्यस गुम्बाको के कति महत्व थियो भन्ने प्रष्ट हुन्छ ।

त्यसबेला काठमाण्डौं, लमजुङ्ग, गुल्मीमा मात्र बुद्ध धर्म फैलिएको होइन, पश्चिम नेपालको कर्णाली प्रदेशमा पनि बुद्ध धर्मको उत्तिकै प्रचार भएको थियो ।

लिच्छवी कालीन लिपिमा बौद्ध मन्त्र अंकित माटोका चक्कीहरु बाग्लुङ्ग र जुम्लामा समेत पाइनु, सेन वंशकालमा प्रख्यात बुटवलको सैना मैनामा ओं मणि पद्मे हुं अंकित मध्यकालीन अभिलेख पाइनुले बुद्ध धर्मको फैलावट र व्यापकतांलाई प्रष्ट पार्दछ। कर्णाली प्रदेशका नागराजाहरु, खस राजाहरु देखि चल्ल मल्ल राजाहरु सवै बौद्ध थिए। क्राचल्ल मल्ल, रिपु मल्लको जीवनी र त्यस क्षेत्रमा भएका काक्रे विहार, पञ्च देवल देखि ताम्रपत्र आदिमा बुद्ध धर्म संघलाई साक्षी राख्ने प्रथाले सद्धर्मको ख्यातिलाई छर्लंग्याउँछ।

बुद्ध धर्मको पञ्चशीलको अनुशीलन गर्नेहरु स्वभावत: सरल र सत्यनिष्ट हुन्छन् । उनीहरुले लप्पनछप्पन गर्न जान्दैनन्, छलकपट गर्ने प्रयास गर्दैनन्। यही गुणलाई मापदण्ड बनाई जनजाति आदिवासीहरुको स्वभाव हेरियो भने उनीहरुको त्यो सरल र सोझो पनमा पञ्चशीलको प्रभाव परेको प्रष्ट देखिन्छ । उनीहरुमा झुटो बोल्ने वानी त्यति छैन । उनीहरु कुरा घुमाएर ढाँट्ने छल्ने पनि गर्दैनन्, अर्को, बुद्ध धर्मले जातीय भेदभाव नमाने झैं जनजाति आदिवासीहरुको समाज र समूहमा पनि त्यस्तो जातीय भेदभाव भएको पाइदैन। उनीहरुको जाति समानतामा आधारित छ । त्यसलाई पनि बुद्ध धर्मको प्रभावको परिणामको रुपमा लिन सकिन्छ ।

यस्तो प्रष्ट कुराहरु छँदाछँदै पनि केही विद्वानहरुले जनजाति आदिवासीहरुलाई हिन्दू भनाउन भरमग्दूर प्रयास गरिरहेका छन्। यो सर्व विदित छ कि सम्पूर्ण हिन्दू परिवर चार वर्णमा विभाजित छ - ब्राम्हण, क्षेत्री, वैश्य र शूद्र। जनजाति आदिवासीहरु न ब्रह्मण क्षेत्री वर्गमा पर्दछन्, न कि वैश्य एवं शूद नै हुन् । वर्णाश्रम भित्रै नपरेको जातिलाई मौलिक रुपले हिन्दू भन्नु कहाँतक उचित हो, यो सोचनीय कुरा छ । वास्तवमा त्यो चार वर्णमा नपरेका जातिलाई हिन्दू भन्नु निरर्थक कुरा हो।

अर्को एउटा महत्वपूर्ण कुरा के उल्लेखनीय छ भने त्यसवेला यहां हिन्दू धर्म प्रचलित भएको भए अर्थात जनजाति आदिवासीहरु हिन्दू भएका भए उनीहरु राजा हुनै पाउदैनथे । हिन्दू धर्ममा क्षेत्री वाहेक अरु राजा हुने प्रावधान नै छैन। तर इतिहासमा जनजातिहरु एक न एक पटक राजा भएका छन् र त्यसवाट पनि प्रष्ट हुन्छ कि उनीहरु हिन्दू होइनन र त्यसवेला यहाँ हिन्दूधर्म थिएन ।

नेपालका जनजाति आदिवासीहरु मौलिक रुपले हिन्दू होइनन् भन्ने कुरा उनीहरुले बोलेको भाषाले पनि प्रष्ट साथ बताइरहेको छ । हिन्दुहरुले बोल्ने भाषाहरु सम्पूर्ण प्राय: भारोपेली भाषा परिवारका छन्। तिनीहरुलाई संस्कृति भाषाले धेरै प्रभाव पारेका हुन्छन् भने जनजाति आदिवासीहरुले बोल्ने भाषा भोट-बर्मेली परिवार अन्तर्गत छन् । तिनीहरुमा संस्कृत भाषाको प्रभाव शून्य प्राय: छ । भाषा एक यस्तो सशक्त माध्यम हो जसले कुन जाति कहाँ थियो, कस्तो थियो भन्ने इतिहासको बोध गराउँदछ ।

त्यस्तै अर्को सशक्त माध्यम संस्कृति पनि हो । जनजाति आदिवासीहरुले जुन संस्कृतिलाई जगेर्ना गरि राखेका छन्, त्यो आफ्नै किसिमको र त्यसमा मौलिकता छ । त्यो दक्षिण तिरका विधर्मीहरुद्वारा अप्रभावित र बेग्लै किसिमको भएकाले प्रष्टरुपमा भन्न सकिन्छ कि उनीहरु हिन्दू होइनन् ।

त्यस्तै भेषभूषा र उनीहरुको विवाहवारी आदि प्रथाले पनि दक्षिण तिरबाट छुट्याएर अलग्गै राखेका छन्। पछि आएर हिन्दूहरुको प्रभावमां परी उनीहरुले हिन्दू धर्म मान्ने गरेता पनि वा त्यसो गर्न बाध्य भएता पनि उनीहरु पहिले बौद्ध भएका धेरै प्रमाण फेला परेका छन्। अझ भनौ भने उनीहरु बौद्ध भएका मात्र होइनन, बुद्ध धर्मका प्रचारमा पनि उनीहरुले महत्वपूर्ण सघाउ पुऱ्याएको कुरा इतिहासमा उल्लेख छ ।

त्यस्तै नेवार जातिको पनि बुद्ध धर्मको विकासमा ठूलो योगदान रहि आएको छ। तैपनि केही नेवारहरु आज बौद्ध भनाउन हिचकिचाएका देखिन्छन्। उनीहरुले पनि आफूले प्रयोग गर्ने गरेको भाषा, संरक्षण गरि राखेको संस्कृति, भेषभूषा आदिको माथि उल्लेख गरिए झैं तुलनात्मक अध्ययन गरेमा उनीहरु पहिले को थिए, कस्ता थिए र कुन धर्मसँग सम्वन्धित थिए भन्ने प्रष्ट हुनेछ। कुनै पनि जनजाति आदिवासीहरुले आफू राज्य विहीन भै पराजित भएको बेलामा र पराधीन भएको बेलामा अर्कोको जे जस्तो कुरा अपनाएको भए पनि अंगालेको भएपनि अन्ततोगत्वा त्यो आफ्नो होइन भन्ने प्रष्ट हुन्छ। कहिले काहिँ त्यो नमिल्दो र अपत्यारिलो जस्तो पनि लाग्ने गर्दछ। थिनै



Wondershare PDFelement

...गहरुको आधारमा नेवारहरु के हुन भनेर हेर्नु समयोचित हुन्छ ।

सामान्यतया ब्राम्हणहरुले मान्ने धर्म र संस्कृति भन्न छन्, त्यो विशुद्ध रुपमा हिन्दूधर्म र हिन्दू संस्कृति नै हुन् । आदिवासी जनजातिले मान्ने धर्म संस्कृति आदि त्यो भन्दा भिन्न र बेग्लै भएको माथि चर्चा गरियो । नेवार संस्कृति पनि ब्राम्हण संस्कृति भन्दा धेरै नै भिन्न भएको सबैलाई थाहा छ ।

संस्कृति धमन चल्ति, परमपरा र भाषाको हिसाबले हिन्दू-नेवार र हिन्दू ब्राम्हणबीच धेरै अन्तर छ । २, ३ सय वर्ष देखि ब्राम्हणवादले नेवार जातिलाई प्रभावित गरी जति आफूतिर तान्न खोजे पनि नेवारहरुले आफ्नो विशेषता कायम राख्ने प्रयास गरिरहेका छन् । नेवारहरुमा आफ्नो छोरीको इही गर्ने, गुफा राख्ने जुन चलन छ, त्यो बाहुन क्षेत्रीमा छैन । नेवार जातिको महत्वपूर्ण पूजामा सिन्हःम्हु, ज्वाला न्हायक, सुकुण्डा आदि नभै हुँदैनन्, तर ब्राम्हणको कर्म काण्डमा ती केही पनि चाहिँदैनन् ।

नेवारले मान्ने चाड पर्व बेग्लै छ । रितिथिति अर्कै छ । जात्राहरु पनि आफ्नै किसिमका छन् । ढोगभेटका चलन पनि फरक छन् । नाकमा फुली लगाउने मान्यता पनि फरक छ । यी सबै अध्ययन गर्दा नेवारहरुले अहिले जतिजुकै आफूलाई हिन्दू भनाउन खोजे पनि ब्राम्हणहबाट उनीहरु धेरै टाढा छन् । हिन्दू नेवार र हिन्दू ब्राम्हण तथा हिन्दू नेवार र बौद्ध नेवार बीचको भाषा, धर्म र संस्कृतिरुपी दुरी नाप्यौं भने निश्चय नै अझ पनि नेवार नेवार नै नजिक भएको पाउँछौं ।

इतिहासका यस्ता सत्य र तथ्य एकातिर छन् भने आफू पराजित भएपछि र पराधीन भए पछि अपनाएको अझ भनौं भने अपनाउन बाध्य भएको धर्म संस्कृति र संस्कारलाई "पुर्खाहरुले मान्दै आएको" भन्दै कोही उत्तर फर्कने र कोही दक्षिण फर्कने जनजाति, आदिवासीहरु देख्दा धेरै मानिस आश्चर्य मान्दछन् । नेपाल र नेपालीत्वमा गर्व गर्ने हो भने धर्म, संस्कार र संस्कृतिको लागि कुनै पनि नेपालीले उत्तर र दक्षिण फर्कनु कदापी उचित होइन । उनीहरु आफूलाई एकातिर नेपालका आदिवासी भूमिपुत्र पनि भनाउन खोज्छन् भने अर्कोतिर बाहिरबाट आएको प्रमाण पनि देखाउन चाहने दोहोरो मापदण्डले गर्दा उनीहरुको स्थिति नै खस्कने सम्भावना पनि छ । यसमा उनीहरु सजग र गम्भीर हुनु पर्दछ ।

त्यो कुरा एकातिर पन्छ्याएर भन्नुपर्दा आज जनजाति आदिवासीहरु सम्पूर्ण प्रायले आफूलाई बौद्ध धर्मावलम्बी भन्दैछन् । बुद्धको जन्मभूमिका हामीहरुले आफूलाई बौद्ध भन्नु एउटा गौरवको कुरा पनि हो । जति बौद्ध भन्दा हाम्रो शीर उच्च हुन्छ, उति अरु धर्मसँग नाता जोड्दा हुन सक्दैन । राष्ट्र, राष्ट्रियताको यतिको बोलचाला भएको अवस्थामा आफ्नो राष्ट्रिय विभूतिद्वारा प्रतिपादित धर्ममा लाग्नु राष्ट्र र राष्ट्रियता प्रतिको प्रतिवद्धता पनि हो । यो कुरालाई पनि विशेष ख्याल राख्नु पर्दछ । साथै जसले आफूलाई बौद्ध भन्दैछन्, उनीहरुले पनि केही कुराको ख्याल राख्नु आवश्यक छ । धर्मका कुरा गर्दा बौद्ध भन्नु मात्र पर्याप्त हुँदैन, क्रमशः बुद्धधर्म अनुसारको आचरण र व्यवहार पनि गर्न सक्नु पर्दछ । १५०, २०० वर्ष यता देखि हामीमा जुन गैर बौद्ध क्रियाकलापहरु घुसेका छन् । तिनीहरुलाई फालेर हानी पूर्ववत् अवस्थामा पुग्नु पर्दछ । अर्थात् सच्चा बौद्ध बन्न सक्नु पर्दछ । यो हाम्रो लागि चुनौती पनि हो । यो समयको माँग पनि हो र यसलाई पूरा गर्न सक्नु पर्दछ । यसैमा सबैको कल्याण छ । ☐☐☐


विश्व आदिवासी दिवस

**आदिवासी जनजातिहरूको**

**महत्वपूर्ण दिवस हो**

यस महत्वपूर्ण दिवसको उपलक्ष्यमा आदिवासी जनजातिहरुको एकता र *उन्नतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।*



**अम्मर तुलाचन**

**अम्मर मार्केटिङ्ग इण्टरप्राइजेज**

मोहरिया, पोखरा, फोन : ५२०१६५

# धर्म संघ बुद्ध विहारको स्वर्ण जयन्ती भव्यता साथ सम्पन्न

पोखरा/यहाँको धर्म संघ बुद्ध विहारको स्वर्ण जयन्ती समारोह तथा सद्धर्म सभाको १५औं वार्षिक साधारण सभा श्रावण १५ गते शाक्य समाज भवनको प्राङ्गणमा विविध कार्यक्रमको आयोजना गरी भव्यताका साथ सम्पन्न भयो ।

स्वर्ण जयन्ती समारोह मूल कार्यक्रमको प्रमुख अतिथि भिक्षु ज्ञान पूर्णिक महास्थविर हुनुहुन्थ्यो । उहाँले कलात्मक पानसमा दीप प्रज्वलन गरी स्वर्ण जयन्ती समारोहको उद्घाटन गर्नु भयो । आफ्नो उद्घाटन भाषणमा उहाँले मानिसको मनको महत्व र चञ्चलताबारे व्याख्या गर्दै मन विग्रेकै कारण देशमा हत्या, हिंसा, द्वन्द र विवाद बढेको बताउनु भयो । उहाँले मनलाई नियन्त्रण गरी उचित प्रयोगमा लगाउनु पर्दछ भन्नु भयो । उहाँले स्वर्ण जयन्तीको सन्दर्भ उल्लेख गरेर यस्तो भव्य समारोहमा सहभागी भै उद्घाटन समेत गर्न पाएकोमा खुशी व्यक्त गरी धर्म संघ बुद्ध विहारको उत्तरोत्तर उन्नति र प्रगतिको लागि मङ्गलमय कामना गर्नुभयो ।

समारोहमा पोखरा विश्व विद्यालयका रजिष्ट्रार प्रकाशमान गुभाजूले भगवान बुद्ध कसैको अवतार नभएकाले बौद्धहरु अवतारवादको पछि लाग्न नहुनेमा जोड दिनु भयो । उहाँले हत्या, हिंसा फैलिरहेको वेला बुद्ध धर्मको सान्दर्भिकता अरु बढेको उल्लेख गर्नुभयो ।

पोखरा उपमहानगरपालिकाका कार्यकारी प्रमुख दिवाकर वास्तोलाले शुभकामना व्यक्त गर्दै नेपालका राष्ट्रिय विभूति भगवान बुद्धलाई एशियाका प्रकाश मात्र नभनी विश्वकै प्रकाश भन्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

समारोहमा बुद्ध जयन्ती समारोह समिति कास्कीका अध्यक्ष विलबहादुर गुरुङले शाक्यहरु संगठित भै सद्धर्मको प्रचार प्रसारमा लागेको उल्लेख गरी यस क्षेत्रमा शाक्यहरुको महत्वपूर्ण योगदान रहेको छ भन्नुभयो भने विन्ध्यवासिनी क्षेत्र विकास समितिका अध्यक्ष हेम बहादुर प्रधानले एउटा धार्मिक संस्था निरन्तर पचास वर्ष रही रहनु ठूलो कुरा हो भनेर संस्थाको उत्तरोत्तर प्रगतिका लागि शुभकामना दिनुभयो ।

समारोहको शुरुमा संघका सचिव श्याम शाक्यले स्वागत भाषण र संघको प्रगति विवरण प्रस्तुत गर्नुभयो भने संघका अध्यक्ष कुलामान बुद्धाचार्यले धन्यवाद ज्ञापन गर्नुभयो ।

समारोहमा भिक्षु ज्ञानपूर्णिक महास्थविरले समाजका ८० वर्ष माथिका जेष्ठ नागरिकहरुलाई दोसल्ला ओढाएर सम्मान गर्नुभयो । त्यसरी सम्मानित हुनुहुनेहरुमा सेतुली गुभाजू, महेन्द्रपुल, चन्द्र लक्ष्मी शाक्य, मोहरिया, बसन्त कुमार वज्राचार्य, मोहरिया र विविधमङ्गल बज्र बज्राचार्य (माइला गुभाजू) हुनु हुन्थ्यो । सोही अवसरमा विहार स्थापना भएको लगत्तै २०१३ मा सम्पन्न पहिलो चुडाकर्ममा कजि भएका तिलकमान गुभाजूलाई पनि सम्मानित गरियो । अस्वस्थताका कारण उहाँको अनुपस्थितिमा प्रमुख अतिथि भन्तेले उहाँकी धर्मपत्नी चन्द्रलक्ष्मी गुभाजूलाई दोसल्ला प्रदान गर्नु भएको थियो ।

त्यस्तै कार्यक्रममा रजिष्ट्रार गुभाजूले समाजका एस.एल.सी. परीक्षामा उत्कृष्ठ अंक ल्याउने छात्र समिर शाक्य (सुपुत्र, डा. भाइरत्न शाक्य) र छात्रा तर्फ उत्कृष्ट अंक ल्याउने सुश्री विनीता वज्राचार्य (सुपुत्री, कृष्णमान गुभाजू) लाई "सद्धर्म सभा प्रतिमा पुरस्कार" प्रदान गर्नुभयो । त्यस्तै अन्य एस.एल.सी. उत्तीण भएका छात्रछात्राहरुलाई अध्यक्ष कुलामान बुद्धाचार्यले सद्धर्म सभा पुरस्कार प्रदान गर्नुभयो ।

समारोहमा पोखरा उपमहानगरपालिकाका कार्यकारी प्रमुख दिवाकर वास्तोलाले धर्म संघ बुद्ध विहारद्वारा प्रकाशित स्वर्ण जयन्ती स्मारिकाको विमोचन गर्नुभएको थियो ।

समारोहको शुरुमा भिक्षु ज्ञान पूर्णिक महास्थविरले पञ्चशील प्रदान गर्नुभएको थियो । भोजन पश्चात सांस्कृतिक एवं विविध मनोरञ्जनात्मक कार्यक्रमहरु भएको थियो । सभाको सञ्चालन सह सचिव चीजमान शाक्यले गर्नुभएको थियो ।

सम्मानित व्यक्तित्वहरुका लागि प्रदान गरिएको दोसल्ला र प्रतिभा पुरस्कारको प्रायोजन होटल फेवा प्रिन्सका कार्यकारी निर्देशक तथा कोषाध्यक्ष पुष्करमान बुद्धाचार्यको सौजन्यबाट प्राप्त भएको थियो ।



Wondershare PDFelement

# Religion and Recomciliation A Buddhist Perspective

✍ Bhikku Ananda
Lecturer, Buddhist Studies, TU

Man is a social being. A group of people makes a society. A nation represents diverse social institutional. Social institutions are well-designed, well-administrated and well-established with the help of norms, values, and ethics. Religion plays a vital and vibrant role in order to systematize a society incorporated with these ethical values.

A country's progress rely on social harmony, solidarity, equity and reconciliation. To bring about these good-causes and put them into action, a society is vehemently needed to be transformed by social norms and values. A religion becomes a good guidance to scrutinize and accelerate social transformation. From very early days of human-civilization, religion has been acting with deep effect as a part and parcel of human civilization, social transformation, and national reconciliation. Hence, religion and reconciliation are good-feedersto each other.

In the present context of burning socio-political problems of Nepal, we have to approach first, the root causes and then analyse them carefully in different perspectives. Any problem in a country means an offspring of both physical and psychological problem. In other words, conflict both in internal and external areas of people which are inter-related, interdependent and inseparable from one another. The central teaching of Buddhism, the theory of dependend origination (paticcasamuppada) also emphasizes that any situation or problem is not an automatic offspring, rather a gradual development conditioned by cause and effect. It further explains thus:

* If this is > that is,
* This arising > that arising,
* When this is not > that is not,
* This ceasing > that ceasing

No let's analyse and discuss the current problems of Nepal which are offsprings of gradual development resulted from long social, political, economic and religious suppression and inequality.

## 1. Economic Problem

A national reconciliation could be brought about when people in a country could enjoy equal-economic freedom. A country's development solely depend on its economic progress of people, Economy is the key issue to enhance a nation and its people towards prosperity. Higher the economic progress of a country, better the life standard of people. Hence the basic problem of a country means its economic downfall, economic-unstablity and economic-inequality of people. For this reason, people should be provided the basic needs like: food, shelter, cloth and medicine as Minimum

requirements fairly and equally in the first phase of development. Secondly a good-education, a good-training, and a good job, help people to promote their life-standard better and higher, similarly life becomes agitated and destitute when people are depreived of these provisions. The Buddha, in the Chakkavatti Sihanada sutta in Digha Nikaya, reminds us the same thus:

"When wealth is not equally distributed, poverty increases, with increase in poverty, there was a rise in thefts, With the rise in thefts, lethal weapons grew in number. As lethal weapons multiplied, killings and murders became widespread. when killings and murder became widespread, the life of people is deteriorated...."

It is clearly understood that the Buddha's view on peace and prosperity in a country certainly relevant to the economic condition of its people. The current socio-political problem of Nepal is also an outcome of economic-unstablity, economic-inequality and economic-deprivation among people. The burning problems like, Maoist insurgency, political unrest. Frequent dismission of government, widespread killings and fightings, social-insecurity, strikes and slogans, (Bandh and Cakkajam), rocketing prices have resulted an anarchy in the country. Being one of the least developed country in the world, the remote areas like far-eastern and far-western zones like Rukum, Jajarkot, Salyan, Pyuthan, Humala, Jumla in Nepal still remain in darkness of poverty, remoteness and hardlife. Life is so hard that even to supply the basic needs, people in those' areas have to walk hours and hours treading down and up the rigorous mountanous paths. Half of their day is spent just to reach a bazzar, or a hospital or a school. This long-suffering life's socio-economic unjust consequently resulted an outburst called "Maoist Movement" which became a national problem in the country today.

## 2. Social Problem

A longwith economic problems, social inequity has a greater impact in resulting upheavals in a country. Here social-inequity means deprivation of basic human rights which each and every citizen has right to enjoy equally. As Nepal is being a hub of multi-culture, multi-national, multi-religious and multi-language country, way of Nepalese life is shaped according to their particular identity. Yet sad to say that each and every Neplease does not have the same privilege to share the social-equity. They are deprived of equal social privileges due to the marginalisation with regards to caste, creed, race and rank. Caste-system is deeply rooted in Nepalese society for the Hindus way thinking is greatly influenced by vedic teachings like; Veda, puranas, Manusmriti and so on.

With regard to caste-system, Rigveda mentions thus:

- From the mouth of Brahma (Creator), Brahmins born, from the arms- the Kshatriyas (the rulers), from the thighs- the Vaisyas (the traders) and from the feet-the sudras (the out-

castes)

It is thus, people in the same society divided into different social stratas-low and high castes. This resulted to create superior and inferior complexes in the attitudes of Nepalese minds. Consequently, one group of people, so called high caste Brahmans, always enjoyed the better and sophisticated life while so called outcastes have to lead under-privileged life.. They are to serve the rest of three superior castes. They are deprived of even basic human rights like, freedom of education, finding a good-job, political involvement, moving freely in public places, sharing the public resources. They are so much downtrodden by the high castes that they are treated as untouchables and they are not permitted even to enter the temples, to share the public places like;taps and wells, schools and parks. For the miner mistakes, they are liable to be punished severely while the high-castes are free to commit any sort of crimes and could lead a corrupted life. This unfair and unjust caste-system in Nepalese cociety provoked and out-cry resulting anti-social movements and revolutionary-parties like, Maoist, leninist and Marxist parties.

The Buddha was on of the greatest social reformer in his time, who revolutionized forty-five years, wandering tirelessly from place to place, attacking the unjust and unfair then prevailing social-system, beliefs and practices. Strongly criticizing the caste system, the Buddha said thus.

- No one is by birth, a highcaste-Brahman, or lowcaste-Vasala, By one's own deed (behavior) become one a Brahman or a Vasa.

Nepalese society again effected by gender discrimination from long past. A common belief among people is that a daughter's birth in a family is sign of misfortune. It is a sin to be born as a daughter whose 'birth causes to bring defame or curse to her father's dynasty. Similarly a daughter is a heavy burden to her father whose gateway to heaven is foiled due to her unfortunate birth. Thus daughter in Nepalese society is always undermined compared to a son. She is never provided equal rights and privileges along with male parteners.

The Buddha strongly opposed this attitude of male-supremacy and wide-opened the door equally to the everlasting freedon (Nirvana) from life's suffering. He encouraged them thus:

- "Even a woman could become a scholar (Pundit), if she is brought-up in a good atmosphere, provided with good education."

### 3. Political Problem

Due to deprivation of social and economic equity, people get hardiy any opportunity to involve politically in order to gain freedom of equal right. This tendency is much effective in the under-privileged remote areas. In the context of Nepal, People have been ruled by feudalism, being a so called only Hindu kingdom. People in the countryside are so ignorant that they are even unaware about

the "going on" situations in their day-to-day life. Those who are around and partial enlisted as gainers of sophisticated life. The country-siders lead just a normal life deprived of social, political and economic privileges.

People who are undermined and underprivileged are eligible to form or participate in a new party. So they have to satisfy with whatever system of governance, rules and regulations that are passed on them. They are ready to cast their votes whenever there is an election in their villages, no matter whoever comes in power. Thus most of the ordinary people remain unaware about on-going political, economic and social upheavals. Cosequently people in Nepal cannot still enjoy political-freedom and for years, they are ruled by the system of One-Man-Show, totalitarianism and authoritarianism.

In order to bring about a democratic, socialist and republican system of governance, the Buddha recommended the ten-fold principles of governance (Dasa-raja-dhamma). In which, from top to bottom and bottom to top every citizen is equally treated and equally provided all the facilities.

## 4. Religious Problem

Nepalese society that suffers inequality in caste-system and gender-discrimination is an outcome of dogmatic religious influence. The outcast, who are under privileged by society, are deprived of enjoying equal religious rights. Particularly, a non-Hindu is not allowed to enter the famous Hindu temple Pashupatinath. Similarly the famo... Hindu temple-Pashupatinath. Sim ilar... non-Hindus like Buddhists, Christians and Muslims are treated as second-class citizens in the country who are undermined byboth Hindus and the State. They are not allowed to perform their programs in the state-run media like, Radio-Nepal, Nepal-Television and National Dailies. Politically they are deprived of entering or representing the highranking posts like; ministers, deputy ministers, state ministers and prime ministers both in the Upper House and Lower House.

Nepal being a birth place of the Buddha, a glory to Nepal, is esteemed greatly by rest of the world. Lumbini where the Buddha was born and become a place of world heritage has been left underestimated. The Lumbini Development Project is in the speed of tortoise-walk which resulted long withdraw in progress. This created unsatisfectoriness and frustration in the minds of millions World Buddhists. The Hindu state has showed deliberately less-interest to enhance the development project.

While the country is vehemently needed political, economic, social and religious freedom and reforms, the state is ignoring the root-causes and apart from seeking resolution to them, encouraging it's henchmen to perform country-wide, meaningless and time-wasting Maha-Yajnas. This tendency could only be a fake and foolish resolution to the current burning problems.

□□□

Wondershare PDFelement

## विश्व आदिवासी दिवस

**आदिवासी जनजातिहरूको महत्वपूर्ण दिवस हो**

यस महत्वपूर्ण दिवसको उपलक्ष्यमा आदिवासी जनजातिहरुको एकता र *उन्नतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं।*

**कुलामान बुद्धाचार्य**

अध्यक्ष

**सद्धर्म सभा, धर्म संघ**

बुद्ध विहार

मोहरिया, पोखरा

---

आदिवासी जनजातिहरुको महत्वपूर्ण दिवस

## ९ अगष्ट विश्व आदिवासी दिवस हो ।

यो दिवसको उपलक्ष्यमा आदिवासी जनजातिहरुको उत्थान र विकासको लागि हार्दिक शुभकामना ।



**डा.गेहेन्द्रमान उदास**

अध्यक्ष

**धर्मोदय सभा**

कास्की शाखा, पोखरा

---

११औं विश्व आदिवासी दिवसको उपलक्ष्यमा

**"आदिवासी जनताको चाहना शान्ति बहाली र प्रजातन्त्रको पुनर्स्थापना"**

नाराका साथ पोखरामा आयोजित सम्पूर्ण कार्यक्रमहरु सफलतापूर्वक सम्पन्न होस् यही कामना छ।

**अशोक पालिखे**

**दि स्टेशनरी स्टोर्स**

पालिखेचो, पोखरा।

---

## ९ अगष्ट विश्व आदिवासी दिवस हो ।

*विश्व आदिवासी दिवस - २०६२ को उपलक्ष्यमा पोखरामा आयोजित सम्पूर्ण कार्यक्रमहरु सफलतापूर्वक सम्पन्न होस् यही हाम्रो शुभकामना।*



**कृष्णमान गुभाजू**

सभापति

मोहरियाटोल, पोखरा



Wondershare PDFelement

# भिक्षु संघमा प्रयोग हुने विभिन्न शब्दहरू

| | | |
|---|---|---|
| अनगारिका | - | गृहत्यागी (पुरुष) |
| अनगारिका | - | गृहत्यागी (महिला) |
| प्रव्रज्या | - | श्रामणेर हुने क्रिया |
| उपसम्पदा | - | भिक्षु हुने क्रिया |
| उपाध्याय | - | प्रव्रज्या गरिदिने भिक्षु |
| आचार्य | - | गुरु बनी बुद्ध-धर्म सिकाउने भिक्षु |
| श्रामणेर | - | भिक्षुको लागि उम्मेदवार |
| स्थविर | - | भिक्षु भएर दश वर्ष भइसकेको |
| महास्थविर | - | भिक्षु भएर बीस वर्ष भइसकेको |
| भन्ते | - | भिक्षु र श्रामणेरहरुलाई सम्बोधन शब्द |
| आयुष्मान् | - | आफूभन्दा जेठो भिक्षुलाई सम्बोधन |
| आवुसो | - | आफूभन्दा कान्छो भिक्षुलाई सम्बोधन |
| श्रोतापन्न | - | पक्कै निर्वाण प्राप्त गर्ने व्यक्ति |
| अर्हत् | - | कलेश नष्ट गरिसकेको, निर्वाण प्राप्त व्यक्ति |
| मार्गफलप्राप्त | - | कमसेकम श्रोतापन्न भइसकेको व्यक्ति |
| पृथकजन | - | मार्गपलप्राप्त नगरेका साधारण व्यक्तिहरु |
| उपासक | - | बौद्ध गृहस्थी (पुरुष) |
| उपासिका | - | बौद्ध गृहस्थी (महिला) |
| साधु ! साधु !! | - | मंगल होस् ! शुभ हो् !! |

Wondershare PDFelement

# ११औं

# विश्व आदिवासी दिवस-२०६२ को उपलक्ष्यमा पोखरामा आयोजित

विभिन्न कार्यक्रममा सक्रिय सहभागी भै सम्पूर्ण कार्यक्रम सफल पारिदिनु हुन हार्दिक अनुरोध गर्दछु ।

*र सम्पूर्ण आदिवासी जनजातिहरुको सुख, शान्तिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।*



## विश्व आदिवासी दिवस-२०६२

**मूल समारोह समिति**

**पोखरा, कास्की**

---

**विश्व आदिवासी दिवस आदिवासी जनजातिहरूको महत्वपूर्ण दिवस हो।** यस महत्वपूर्ण दिवसको उपलक्ष्यमा आदिवासी जनजातिहरुको एकता र *उन्नतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।*

**अजीत शेरचन**

अध्यक्ष

**थकाली सेवा समिति, पोखरा**

Wondershare PDFelement